ठाटीकाँध गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाहद्धारा
ठाटीकाँध गाउँपालिकाको एघारौ गाउँ सभामा प्रस्तुत हुने

ठाटीकाँध गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को

# निति तथा कार्यक्रम

## ठाटीकाँध गाउँपालिका,लकान्द्र दैलेख

कर्णाली प्रदेश, नेपाल

१० असार, २०७९

## ठाटीकाँध गाउँपालिकाको एघारौ गाउँ सभा समक्ष अध्यक्षद्वारा
## प्रस्तुत नीति तथा कार्यक्रम

**यस ठाटीकाँध गाउँपालिकाको गरिमामय पहिलो गाउँ सभाका**
**उपाध्यक्ष ज्यू,**
**वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

१.यस ठाटीकाँध गाउँपालिकाको गरिमामय पहिलो गाउँ सभामा गाउँपालिकाको अध्यक्षको हैसियतले आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा मलाई अत्यन्त खुशी लागेको छ ।
२.यस महत्वपूर्ण घडीमा सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान,संघीय लोकतान्त्रिक गणतन्त्र,समावेशिता, सामाजिक न्याय तथा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका विभिन्न चरणमा देशका विभिन्न भागबाट शहादत प्राप्त गुर्न हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्न चाहन्छु । यस क्रममा घाइते तथा अपागंता भएका व्यक्तिको स्वास्थ्य लाभको कामना सहित आन्दोलनमा सहभागी हुनुभएका सबैको योगदानको स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछु ।
३.वि.स. २०७९ साल बैशाख ३० गने शुक्रबारका दिन सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । नवनिर्वाचित जनप्रतिनिधिहरुबाट जनअपेक्षा अनुसार शासन, विकास र सेवा प्रवाहमा महत्वपूर्ण योगदान रह्ने विश्वास लिएको छु ।
४. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा दिगो विकासको लक्ष्य र यस ठाटीकाँध गाउँपालिकाले निर्माण गरेको ऐन तथा कार्यविधि र संघीय तथा प्रदेशले पटक पटक जारी गरेका आदेश एवं परिपत्र र नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धि नीतिगत मार्गदर्शन,२०७५ समेतमा भएको व्यवस्था तथा प्रक्रियालाई अवलम्बन गरी सहभागितामूलक ढंगले यो नीति तथा कार्यक्रम तयार गरेको छु ।

**सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु,**

५.यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रमहरुले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरुबाट प्राप्त मार्गदर्शन, दिगो विकास लक्ष्य, क्षेत्रगत तथा राष्ट्रिय नीतिहरु

एवम योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु विगत बर्षहरु तथा चालु आ.व. ०७८/०७९ का नीति तथा कार्यक्रम कार्यान्वयन बाट प्राप्त उपलव्धीहरु समेतका आधारमा आगामी आ.व. ०७९/०८० का लागि यो नीति तथा कार्यक्रम तयार पारिएको छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयन बाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्नका साथै संघ तथा प्रदेशको लक्ष्य समेत हासिल गर्न टेवा पुग्ने विश्वास लिइएको छ ।

६.राजश्व परिचालनलाई प्रभावकारी बनाउन र करको दायरालाई फराकिलो पार्न एकीकृत सम्पत्ति करलाई प्रमुख आधारका रुपमा लिदै अन्य करहरुलाई वस्तुगत विश्लेषणका आधारमा समेट्दै र परिमार्जन गर्दै जाने, कर प्रशासनलाई सूचना प्रविधिमा आधारित र करदाता मैत्री बनाईदै लगिनेछ र यसका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

७.स्थानीय तहमा जनप्रतिनिधिहरु निर्वाचित भई आउनु भएको र जनताको स्थानीय सरकार प्रति बढ्दो आकांक्षा, उपलब्ध श्रोत र साधनको सिमितताका बाबजुद पनि सम्बन्धित सरोकारवालाहरु सँग विभिन्न चरणमा अन्तरक्रिया गरी उपलब्ध श्रोत र साधनको प्रयोगबाट अधिकतम विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता बीच पुऱ्याउने कोशिस गरिएको छ । जनआकांक्षा र स्थानीय आवश्यकता बीच तालमेल मिलाई अधिकतम लागत सहभागिता प्राप्त हुने, पिछडिएका जाती, जनजाती, दलित उत्पीडित, महिला, बालबालिका, आदिवासी जनजाति आदिका क्षेत्रमा सरकारी, निजी तथा गैर सरकारी क्षेत्रको समन्वयमा चालु आ.व. ०७९/०८० को बजेट विनियोजन गर्ने प्रयास गरिएको छ ।

**सभाका उपाध्यक्ष तथा सभाका सदस्य ज्यूहरु,**

## २. चालु आ.व ०७८/०७९ को समिक्षा

यस आ.व. ०७८/०७९ को गाउँसभा बाट पारित नीति नियम तथा कार्यक्रम कार्यान्वयनको पक्ष मध्यम रहेको छ ।

- **यस आ.व मा महत्वपूर्ण विकास निर्माणका कार्यहरु**
    - संघिय सरकारबाट सुविधा सम्पन्न भवन निर्माणका लागि १५ सैया निर्माणको कार्य द्रुत गतिमा अगाडी बढीरहेको,
    - सुविधासम्पन्न डाक्टर क्वाटर भवन निर्माण कार्य सम्पन्न भएको,

- आधारभुत स्वास्थ्य सेवा केन्द्र प्याडुली, विशाला स्वास्थ्य चौकी, गैरागाउँ आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण,तोलीजैसी स्वास्थ्य चौकी वडा नं ५ भवन निर्माण कार्य र माझखर्कमा सामुदायिक स्वास्थ्य इकाई संचालनका लागि भवन निर्माण कार्य सम्पन्न भई सेवा प्रवाह भईरहेको,
- मालिका मा.वि पाँचाला र ने.रा. आ.वि धामिगाउँमा संञ्चालित ४ कोठे भवन निर्माण सम्पन्न भएको,
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अर्न्तगत २ वटा भवन निर्माणाधिन अवस्थामा रहेका छन ।
- प्रदेश सरकारबाट सर्शत अनुदान तर्फ ५ वटा भवन निर्माणाधिन अवस्थामा रहेका छन ।
- कृष्ण मा.वि, लकान्द्र र दशरथ मा.वि, प्याडुलीमा ८ कोठे भवन निर्माणाधिन अवस्थामा रहेका छन ।
- ठाटीकाँध बिजारे धनकोट काँध सडक निर्माण कार्य निर्माणाधिन अवस्थामा रहेको छ ।
- प्रदेश सरकार संगको साझेदारीमा बृहत् पाँचाला खानेपानी योजना सम्पन्न सम्पन्न भएको छ ।
- बुडेनी सेरीपाटा खानेपानी योजना निर्माणको लागि भकारी परियोजना सँग साझेदारी भई कार्यान्वयनको चरणमा रहेका छन ।
- सिचाई सुविधाको पहुँच नभएका कृषकहरुलाइ मध्यनजर गर्दै यसै आ.व.मा २ किलोमिटर पक्की नहर सम्पन्न भएको छ र ठाटीकाँध गाउँपालिकाको विभिन्न स्थानमा पोखरी निर्माणको कार्य सम्पन्न भएको छ ।
- झोलुगें पुल अर्न्तगत माझा ज्यामिचौर झोलुगें पुल, गाठिखोला ट्रस पुल निर्माण कार्य सम्पन्न भएको छ । भिमपाईला खानेपानी निर्माण योजना निर्माणाधिन, रानाकाटिया बसौटा खानेपानी निर्माण योजना सम्पन्न, बृहत प्याडुली र बिशाला खानेपानी निर्माण योजना निर्माणाधिन,
- ठाटीकाँध बिजारे धनकोट सडक निर्माणाधिन,ठाटीकाँध बाघबन माझा ज्यामिचौर सडक निर्माण कार्य निर्माणाधिन, बर्थिङ्ग सेन्टर माझाचौर

सडक निर्माण कार्य सम्पन्न भएका छन भने अब म विषयगत शाखाहरुको प्रगति विवरण प्रस्तुत गर्न गईरहेको छु ।

# विषयगत शाखा तर्फको प्रगति विवरण

**शिक्षा शाखा**

१.विद्यालय भौतिक पुर्वाधार सँग सम्बन्धित शसर्त अनुदान तर्फ ४ कोठे विद्यालय भवन निर्माण योजना अर्न्तगत श्री मालिका मावि पाचला, श्री नेरा आवि धामीगाउको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

२.श्री मालिका मावि ठिमुरे र श्री भवानी मावि बाहाकोट Wash सुविधा सहितको शौचालय निर्माण योजना अन्तिम चरणमा पुगेको छ ।

३.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री धर्मभक्त आवि सिराडी, श्री जन आवि थापाटोल, श्री सत्यदेवी आवि आग्र मा २ कोठे भवन निर्माण योजना बजेट ढिलो प्राप्त भएता पनि सम्झौता भइ काम अघि बढीरहेको छ ।

४.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आइसिटि कार्यक्रमको लागी श्री भवानी मावि बहाँकोट र श्री बालकल्याण आवि गुयलसिममा कार्यक्रम संञ्चालनमा रही अन्तिम चरणमा रहेको,

**<u>राजश्व शाखा तर्फ प्रगति विवरण</u>**

१. आव २०७७।०७८ मा लागू गरिएको व्यावसायी कर लाई निरन्तरता दिइएको छ ।
२. चालु आवको जेष्ठ मसान्त सम्म करिव ८ लाख राजश्व संकलन भएको छ ।
३. अघिल्लो आव भन्दा चालु आवमा मालपोत करमा सकारात्मक सुधार आएको छ ।

**<u>उधोग विकास शाखा प्रगति विवरण</u>**

- यस स्थानिय तहमा मेड्पा निर्देशिका २०७७ अनुसार गाँउपालिका स्तरिय उद्यमविकास समिति गठन गरिएको छ ।

- मेड् मोडेल कार्यक्रमको नीति नियम अनुसार २२ वटा लघु उद्यमी समुह गठन गरि स्थानिय तहमा,आवद्ध रहेका अवस्था छ ।
- सवै समुहमा गरी गत आ.व. देखि  २०७८ चैत्र मसान्त सम्म ४,२७,८०० वचत रहेको र सो वचत समुहमा आवद्ध सदस्यहरुको लागि ब्यक्तिगत रुपमा  सहुलियत ऋृण घुम्ती कोषको रुपमा परिचालन हुदै आएको ।
- ६ वटा वडामा १८५ जना नयाँ लघु उद्यमीहरुले आफ्नो व्यवसाय सुरु तथा सुधार तथा लैगिक समानता तथा सामाजिक समावेशिकरण तालिम प्याकेज प्राप्त गरि व्यवसायिक सचेतना सम्वन्धि ज्ञान तथा सीपप्राप्त गरेका ।
- कार्यक्षेत्रका ६ स्थानमा ३५८ जना सहभागीहरु विच सहभागीतामुलक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न भई लक्षित वर्गको छनोट गर्न सफल भएको ।
- १५५ जनालाई मागमा आधारित विभिन्न किसीमका सीपविकास तालिम प्रर्दान गरी उनीहरुमा ४० प्रतिशत उद्यमीले सीपविकास तालिम र प्रविधि सहयोग पाए वमोजिम व्यवसाय शुरु गरेका ।
- १५५ जना नयाँ र ४६ जना पुराना उद्यमीहरुलाई प्रविधि सहयोग गर्नुका साथै २८ जना उद्यमीहरु लाई स्तरोन्नती तालिम प्रर्दान गरिएको ।
- घुम्तीकोष परिचालनका लागि वित्तिय संस्था छनोट गर्नुका साथै गाउँपालिकाको १,९२,००० र वित्तिय संस्थाको ५७,६०० गरी २,४९,६०० को संयुक्तकोष निमार्ण गरी परिचालन गरिएको ।
- विभिन्न समस्याहरु द्धारा जुधिरहेका १५५ जना लघु उद्यमीहरुलाई व्यवसायिक योजना निर्माण तथा ५० जनालाई व्यवसायिक परामर्श प्रदान गरि उद्यमीहरुको व्यवसाय प्रर्वद्धनमा सहयोग पुराउने कार्य सम्पन्न भएको ।
- उद्यमीहरुले उत्पादन गरेको सामानको वजारीकरण तथा वजार प्रर्वद्धनका लागि कोशेली घर स्थापनाको अन्तिम चरणमा रहेको ।
- उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय संगको साझेदारीमा ढाँका व्यवसायिकाका लागि साझा सुविधा केन्द्र निमार्ण गरी संचालनमा रहेको ।

- यू.एन.डि.पी. सि.डी.आर.आई.एल. परियोजनाको साझेदारीमा ढाँका उद्यमीहरुका लागि स्टोर तथा स्तनपान कक्ष र बाँस सामग्री उत्पादन उद्यमीका लागि साझा सुविधा केन्द्र यसै चालु आ.व.मा सम्पन्न गर्ने योजनाका साथ  निमार्ण कार्य द्रुतगतिमा भैरहेको छ ।
- यू.एन.डि.पी. सि.डी.आर.आई.एल. परियोजनाको साझेदारीमा वडा नं. ३ मा आधुनीक घट्ट निमार्ण कार्य अन्तिम चरण मा रहेको छ ।
- घरेलु कार्यालयको समन्वयमा २० जना दलित महिलाहरुका माझ आधारभूत सिलाई कटाई तालिम संचालनमा हुनुका साथै २० जना दलित घरपरिवारको पोषण अवस्थामा सुधार ल्याउने हेतुका साथ कुखुरा चल्ला र आवश्यक प्रविधि हस्तान्तरण गरिएको छ ।
- पोषण तथा पशुपन्छी शाखाको सहकार्यमा ब्यवसायिक रुपमा कुखुरा पालन गर्ने उद्यमीलाई आवश्यक सामग्री हस्तान्तरण गरिएको छ ।
- राष्ट्रपती महिला उत्थान जीविकोपार्जन सुधार परियोजना कार्यन्वयनका लागि प्रस्ताव आह्वन गरी ब्यवसाय विकास सेवाप्रर्दायक संस्था छनोट गरी सो कार्य कार्यन्वयनको चरणमा रहेको छ ।
- आरन सुधार कार्यक्रम अन्तर्गत फलामका कृर्षि औजार निर्माण सीपविकास तालिम सम्पन्न गर्नु का साथै उद्यमीहरु ब्यवसाय शुरु गर्न प्रविधि हस्तान्तरण कार्य सम्पन्न भएको छ ।

## कृषि विकास शाखा प्रगती विवरण

- उन्नत तथा हाइविर्ड तरकारी विउँ तथा मिनिकिट कृषकलाई वितरण कार्यक्रम,जैविक तथा रासायनिक विषादी सपोर्ट कार्यक्रम, सुनौला हजार दिनका आमाहरुलाई उद्दम विकास सहयोग कार्यक्रम सम्पन्न भएका छन ।
- साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट क्षेत्रको कार्यक्रम कार्यान्वियनको अन्तिम चरणमा रहेको छ ।

## पशु विकास शाखा प्रगती विवरण

१. ठाटीकाँध गाउँपालिका द्धारा विनियोजित बजेटबाट गाउँपालिकाको पशुपन्छी बिकास तर्फको निति तथा कार्यक्रम संञ्चालनमा टेवा पुगेको छ ।

## रोजगार सेवा केन्द्रको प्रगती विवरण

१. आव २०७८।७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कुल ३८ वटा योजनामा ६१८ जनाले कुल १०० दिनको रोजगारी प्राप्त गरी आर्थिक,सामजिक तथा भौतिक तर्फका योजनाहरुमा गुणात्मकता आई विकास निर्माणका कार्यक्रमहरु संञ्चालन भएको छ ।

२.मुख्यमन्त्री रोजगार कार्यक्रम मर्फत कुल ६ वटा योजनामा ३४९ जना सुचीकृत बेरोजगारलाई ५० दिन बराबरको रोजगारी प्रदान गरि विकास निर्माणका कार्यक्रम संञ्चालन गरी आर्थिक तथा सामाजिक परिर्वतन गर्न सहयोग पुर्याएको अवस्था छ ।

## स्वास्थ्य शाखाको प्रगती विवरण

**स्वास्थ्य प्रणाली सुदृढिकरणका लागि गरिएका कार्यहरु**

- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको अभिमूखीकरण तालिम, न्युनतम सेवा मापदण्ड सम्बन्धी कार्यक्रम,स्वास्थ्य सम्बन्धी दिवशिय कार्यक्रमहरु, मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तरगत सुत्केरी यातायात खर्च र गर्भवति उत्प्रेरणा भत्ता तथा पोषण कोशेली बापत रकम र न्यानो झोला वितरण गरिएको छ ।
- कुपोषित बालबालिका पहिचानका लागिमहिला स्वास्थ्य स्वयम सेविका परिचालन, प्रतिवेदन संकलन, स्वास्थ्य संस्थामा प्रेषण गरी लकान्द्र प्रा.स्वा.के मा रहेको OTC मार्फत उपचार गराईरहेको अवस्था रहेको छ ।

**स्वास्थ्य सूचना प्रणाली सुदृढिकरणका लागि गरिएका कार्यहरु**

- आ.ब. २०७७।७८ को बार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी, टि.बि कार्यक्रमको प्रथम चौमासिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको छ ।
- Routine Data Quality Assessment ५ वटा स्वास्थ्य संस्थामा संचालन गरिएको ।
- ६ वटा स्वास्थ्य संस्थामा HMIS/LMIS सम्बन्धी Onsite Coaching सम्पन्न गरिएको ।
- आइरन फोलिक एसिड कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा दोश्रो चरणको आइरन फोलिक एसिड खुवाई रहेको ।

**आपुर्ति व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु**

- नियमित eLMIS अध्यावधिकल गर्ने गरेको ।
- FEFO को आधारमा औषधी लगायत स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गरिरहेको र सोहीअनुसार स्वास्थ्य संस्थाहरुमागर्न लगाईएको ।

**कोभिड १९ रोकथाम तथा नियन्त्रण तर्फ**

कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि माथि उल्लेखित खोपहरु २५३२४ प्राप्त भएकोमा २४६०० डोज खोप लगाउने कार्य सम्पन्न भएको छ ।

## महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा

- कर्णाली प्रदेशको छोरी सुरक्षा कार्यक्रम अन्तर्गत २०७९ जेष्ठ मसान्त सम्म १४३ जनाको छोरी वचत खाता खोलिएको छ ।

## बहुक्षेत्रीय पोषण योजना

- सूनौला हजार दिनका (२४०) जना आमाहरुलाई कृर्षिजन्य उद्यम स्थापनाको लागि विउ विजन सहयोग तथा तालिम संचालन भएको ।
- कुपोषित बालबालिकाको स्वास्थ्य सुधारको लागि हजार दिनका आमाहरुलाइ पशु पंक्षीजन्य उद्दम स्थापनाको लागी कुखुरा चल्ला वितरण (बहुउदेश्य चल्ला) वितरण कार्यक्रम संञ्चालन भएको ।
- कृष्ण अधारभुत बिद्यालय माझखर्क शौचालय निर्माण योजना निर्माणाधिन अवस्थामा रहेको ।
- किशोर किशोरी तथा यूवाक्लवका पदाधिकारीहरुलाई जीवन उपयोगी सीप तथा वित्तिय शिक्षा तााालिम संचालन भैरहेको ।
- वालपोषण भत्ता तथा वाल अनुदानको प्रभावकारी उपयोग सम्बन्धमा आमा तथा शिशु स्याहार कर्तालाई अभिमुखिकरण कार्यक्रम संञ्चालन भएको ।
- श्री सिर्जनशिल महिला उत्थान कृर्षि तथा पशुपंक्षी पालन सहकारीमा आयआर्जन तथा पोषण अवस्था सुधार सम्बन्धी तालिम संचालन भएको
- वडा नं. ३ र ४ मा समुदाय स्तरीय स्यानेटरी प्याडनिर्माण तालिम सम्पन्न भएको ।

## आ.व. २०७८/०७९ का नीति तथा कार्यक्रमहरु

**सभाका उपाध्यक्ष  तथा सभाका सदस्यज्यूहरु,**

**"व्यावसायिक शिक्षा, स्वास्थ्य कृषि,उद्यम र पूर्वाधार ठाटीकाँध गाउँपालिकाको समृद्धिका  आधार"** भन्ने नाराका साथ अब  म यस ठाटीकाँध गाँउपालिकाको आगामी आ.व.२०७९/२०८० का नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्दछु ।

१. यस ठाटीकाँध गाउँपालिकाको बजार एवम् ग्रामिण क्षेत्रबीच अन्तर सम्बन्धित आयोजनाहरु कार्यान्वयन गरी ग्रामिण क्षेत्रका वासिन्दाहरुको बजार क्षेत्र तथा केन्द्र सम्मको पहुँच बढाई आयमूलक रोजगारीका अवस्थाहरु सृर्जना गर्दै गरीवी न्यूनिकरण गरिने छ ।
२. विकासको मूलधारमा आउन नसकेका ग्रामिण बस्तीहरुमा सचेतना अभिवृद्धि गर्दै सीपमुलक र आयमूलक कार्यक्रम मार्फत जीवन स्तरमा सुधार ल्याइने छ ।
३. जनसहभागिता तथा लागत सहभागिताका आधारमा भौतिक पूर्वाधार निर्माणका योजनाहरुलाई निरन्तरता दिइनेछ ।
४. सम्पूर्ण सार्वजनिक जग्गा ताल तलैया, वनजंगल र नदीनाला लगायत सम्पूर्ण सार्वजनिक सम्पतिको संरक्षण गरिनेछ ।
५. ग्रामिण गरिबी उन्मूलनका कार्यक्रम अगाडि बढाइने छ । प्रत्येक वडामा नागरिक सचेतना केन्द्र स्थापना गरी विपन्न महिलाहरुको आयस्तरमा सुधार ल्याइनेछ ।
६. सामाजिक स्थितिमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई , सौर्यउर्जा, विद्यूतीकरण सुविधाहरुको वृद्धि गरिने छ ।
७. ग्रामिण क्षेत्र भित्र रहेका पिछडिएका जाती, जनजाती एवंम अन्य वर्गका आमा र शिशुको स्वास्थ्यलाई ध्यानमा राखि मातृ शिशु स्याहार कार्यक्रम अर्न्तगत प्रोत्साहान भत्ता उपलब्ध गराइनेछ ।
८. ठाटीकाँध, वाँहाकोट, अंगालडाँडा, अधिकारीचौंर र मटेला वजारलाई व्यापारिक केन्द्रको रुपमा विस्तार गर्दै उक्त क्षेत्रमा मासु पसल, तरकारी

पसल, तथा हाटबजारलाई व्यावस्थित गर्न आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

९. दिगो र निरन्तर विकासलाई ध्यानमा राखि महत्वपूर्ण आयोजनाहरुलाई अगाडी बढाइनेछ । यस्ता आयोजनाहरु निर्माण गर्दा उपभोक्ता समिति र निर्माण कम्पनीबाट काम गर्ने व्यवस्था मिलाइनेछ ।

१०. सामुदायिक विद्यालयहरुको स्तर उन्नति गर्दै शिक्षालाई व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ ।

११. फोहोरमैला व्यवस्थापन र ल्याण्ड फिल्ड साईडको स्थान छनोट र सम्भाव्यता अध्ययनलाई अगाडि बढाइनेछ ।

१२. स्वास्थ्य केन्द्रहरुको आवश्यक क्षमता विकासका साथै उपरकणहरुको सुनिश्चितता गरिनेछ ।

१३. कृषि क्षेत्रको विकासको लागि कृषिका पकेट क्षेत्रहरु निर्धारण गरी व्यावसायिक खेतीलाई प्रोत्साहन दिइनेछ ।

१४. एक करोड भन्दा ठुला आयोजनाहरु संचालन गर्दा सम्भाव्यताको अध्ययन गरी वातावरणमा कम क्षति हुने गरी  वातावरण मैत्री आयोजनाहरु संचालन गरिनेछ ।

१५. पूर्वाधार निर्माणमा यसै वर्ष देखि भवन निर्माण मापदण्ड लागु गरी भूकम्प प्रतिरोधी पूर्वाधार निर्माण प्रक्रिया शुरु गरिने छ ।  सो सम्बन्धमा आवश्यक पर्ने जनशक्तिलाई तालिमको व्यवस्था गरिनेछ ।

१६. न्यायिक समितिलाई थप प्रभावकारी वनाउने नीति लिइनेछ ।

१७. जेण्डर, छाउपडी, वालविवाह, जातीय विभेद न्युनिकरण सम्बन्धी अभियान संचालन गरिने छ ।

१८. यस गाउँपालिकाको आवधिक योजना तयार गरि चरणवद्ध रुपमा विकासको थालनी  गरिने छ ।

१९. ठाटीकाँध गाउँपालिका भित्र रहेको हालसम्मको मालपोत करमा लाग्ने दस्तुरको जरीवाना मिनाह गरि मालपोत कर उठाउने कार्य अगाडि वढाईनेछ ।

२०. गाउँ स्वरोजगार कार्यक्रम अर्न्तगत सहुलियत व्याजमा कर्जा कार्यक्रम कार्यान्वयनका लागि बैंक सँग आवाश्यक परार्मश गरी आवाश्यक निति बनाईनेछ । २१. स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, शिक्षक लगायत

कर्मचारीको मनोबल बढाउन स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, शिक्षकसँग अध्यक्ष कार्यक्रम संञ्चालन गरिनेछ ।

२१. हजार दिनका आमाहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्न हजार दिनका आमासँग अध्यक्ष कार्यक्रम संञ्चालन गरिनेछ ।

२२. ठाटीकाँध गाउँपालिकामा बरोजगार नागरिकहरुलाई उद्यमी सिर्जना गर्न अध्यक्ष सँग उद्यमी कार्यक्रम संञ्चालनमा ल्याईनेछ ।

२३. उपाध्यक्ष रोजगार कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

**उपाध्यक्ष तथा सभाका सदस्यज्यूहरु,**

अब म विभिन्न विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरु यहाँ हरु समक्ष पेश गर्दछु ।

**१. (क) आर्थिक विकास:**

**१.कृषि तथा पशुपन्छी विकास तर्फ**

यस गाउँपालिकाको समृद्धिको पहिलो आधार भएकाले यस क्षेत्रमा कृषि तथा पशुपन्छीको महत्व उल्लेखनीय छ । तसर्थ कृषि उत्पादनमा बृद्धि गरी राष्ट्रिय लक्ष्य प्राप्त गर्न निम्न अनुसारका नीतिहरु अवलम्वन गरिएको छ ।

१. अर्गानिक कृषि उत्पादन नीति अवलम्वन गरी कृषि पेशालाई सम्मानित, मार्यादित र कृषकलाई आत्मनिर्भर बनाई कृषिमा आश्रित जनताको जीवनस्तर सुधार गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकाय संगको साझेदारीमा कृषि क्षेत्रको विकासको नीति अवलम्वन गरिनेछ ।

२. तरकारी तथा अन्नबालीको भण्डारण गर्न सबै पक्षको सहभागितामा गाउँपालिका स्तरीय सीत भण्डार तथा गृह निर्माण प्रकृयाका लागि आवश्यक पहल गरिनेछ ।

३. विभिन्न उपभोग्य बस्तुहरुमा आत्मनिर्भर बन्न कृषि उत्पादन पकेट क्षेत्रहरुको निर्धारण गरी कृषि क्षेत्रको विकासका लागि पहल गरिनेछ ।

४. कृषि अनुसन्धान केन्द्रको समन्वयमा कृषिका विविध विषयगत क्षेत्रको अध्ययन गर्ने कार्यलाई थालनी गरिनेछ ।

५. कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ।

६. कृषकहरुलाई आवश्यक पर्ने वीउ उत्पादनलाई बढावा दिन मुल विउबाट विउ उत्पादन कार्यक्रममा प्रोत्साहन दिई उन्नत वीउ वितरण र पशुको नस्ल सुधारका लागि अनुदानको व्यवस्था गरिने छ ।

७. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई निरन्तरता दिईएको छ ।

८. उच्च मूल्यका कृषि बस्तु उत्पादन र बजार व्यवस्थापनमा विषेश जोड दिइनेछ ।

९. एक गाउँ एक नमुना कृषि उत्पादन ब्लक तथा कृषि पकेट क्षेत्र निर्धारण गरी कृषि जन्य वस्तुको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । १०.गाउँपालिकाको माथिलो भुभागलाई, किवी,स्याउँ आदिको पकेट क्षेत्र,बिचको भूभागमा सुन्तला, कागती, अलैची र ओखर तल्लो भुभागलाई आँप,,लिची तथा अन्य सम्भाव्य फलफूल पकेट क्षेत्र र अन्य सम्भावित भूभागलाई तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्न नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार निकाय संग सहकार्य गर्ने नीति लिइनेछ । यसको लागि तत्काल सम्भाव्यता अध्ययन गरी लागु गरिनेछ ।

१०. पशु नस्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहारका लागि घाँस खेतीको कार्यक्रम संचालन गरिनेछ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिनेछ । उत्पादित पशुपंछी जन्य उत्पादनको उचित बजारीकरणको प्रबन्ध मिलाइनेछ । कृषक तथा पशु स्वास्थ्य सेवा प्राविधिकहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

११. गाउँपालिका भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिनेछ ।

१२. एक गाउँ एक कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई बढावा दिइनेछ ।

१३. कृषि क्षेत्रलाई पर्यटन आकर्षणको क्षेत्रको रुपमा विकास गर्ने गरि कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१४. कृषि जैविक विविधता संरक्षणका लागि लोपोन्मुख रैथाने जातहरुको विस्तार तथा संरक्षण का लागि विशेष प्रोत्साहन गरिनेछ ।

१५. कृषि उत्पादन बृद्धिका लागि साना सिचाई आयोजनाहरुलाई निर्माण र मर्मतमा विशेष जोड दिइनेछ । यसका लागि साझेदार निकाय तथा संघ संस्थाहरु संग सहकार्य गरिनेछ ।

१६. अर्गानिक तरकारी वाली र फलफूल उत्पादन कार्यक्रम लाई विशेष जोड दिइनेछ ।

१७. निर्वाहमुखी कृषिलाई व्यवसायमुखी तर्फ बढाईनेछ ।

१८. कृषि तथा पशु जन्य उद्यम विकासका माध्यमबाट स्थानिय स्रोत परिचालन गरि स्थानिय स्तरमै बजारको माग सम्वोधन हुने गरी कार्यक्रम बनाई आयात व्यापारलाई निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ ।

१९. बाहिरबाट आयातित तरकारीहरुमा कर लगाई स्थानिय उत्पादनको मूल्य समायोजन, मूल्य सूची निर्धारण तथा बजारिकरण बृद्धि गरिनेछ ।

२०. उत्पादित कृषि वस्तुहरुको बजारीकरणका लागि गाउँपालिकाको छुट्टै संयन्त्र बनाई परिचालन गर्ने व्यवस्था मिलाइनेछ । यसको थप व्यवस्थापनको लागि कृषि बजार व्यवस्थापन सहकारीको निर्माणका लागि प्रोत्साहन गर्न विभिन्न साझेदार निकायहरु सँग समन्वय गरिनेछ ।

२१. खाद्य सुरक्षा र पोषण स्थितिमा सुधारका लागि बाँझो जग्गा उपयोग, जग्गा तथा गरा सुधार एवम् कृषि क्षेत्र विशेष आय आर्जन मूलक खाद्य तथा पोषण सुरक्षा कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

२२. कृषि तथा पशुपंक्षी उद्योग, फार्म तथा समूह दर्ता प्रक्रियालाई सरल तथा सहज बनाई लागु गरिनेछ र सामुहिक उत्पादनमा विशेष प्रोत्साहन र अनुदानको व्यवस्था मिलाइनेछ ।

२३. यस गाउँपालिकाका सम्पूर्ण घरधुरीमा अनिवार्य करेसाबारी निर्माणको नीति लिइनेछ । यसका लागि कृषि शाखा, वहु क्षेत्रिय पोषण आयोजना र विकास साझेदार निकायहरुलाई परिचालन गरिनेछ ।

२४. मागमा आधारित कृषि तथा पशु जन्य उत्पादन कार्यक्रम तथा कृषक प्रोत्साहन कार्यक्रम लागु गरिनेछ ।

२५. अनुउत्पादक खाली जग्गामा खर्क सुधार कार्यक्रम लागु गरिनेछ ।

२६. रैथाने जातका कृषि तथा पशुपंक्षी को संरक्षण, प्रवर्धन तथा विकास गरिनेछ ।

२७. मागमा आधारित कृषि तथा पशुजन्य उद्यम स्थापनाका लागि अनुदान दिने व्यवस्था मिलाइनेछ ।

२८. कृषि तथा पशु पंक्षी क्षेत्रमा लाग्ने महामारी नियन्त्रणको विशेष प्रतिकार्य कार्यक्रम वनाई लागु गरिनेछ । पशुंपक्षीमा लाग्ने महामारी रोग विरुद्ध खोप सेवा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२९. बाह्य परजीवि नियन्त्रणका लागि एक वडा एक डीपीङ्ग ट्याङ्क निर्माण गर्न पहल गरिनेछ ।

३०. पशु पंक्षी बन्ध्याकरण सेवा विस्तारका लागि एल.आर.पी. परिचालन,प्रविधि हस्तान्तरण तथा एल.आर.पी.प्रोत्साहन नीति लिइनेछ ।

३१. जैविक मल संरक्षणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ र गोठ खोर सुधार तथा भकारो सुधार कार्यक्रममा विशेष अनुदानको नीति लिइनेछ ।

३२. कृषि क्षेत्र विकास कार्यक्रमको साझेदारीमा तरकारी, खसी वोका, मौरी तथा मसला वाली लगायतका मुल्य श्रृङ्खलाको विकास गरिनेछ ।

३३. एकिकृत कृषि तथा पशुपालन निति बनाई सोही अनुसारका क्रियाकलाप संञ्चालन गरिनेछ ।

## २. औद्योगीक नीतिः

यस गाउँपालिकामा परम्परागत कुटीर उद्योग बाहेक कुनै पनि उद्योग धन्दा संचालनमा नरहेको र उद्योग क्षेत्रमा न्यून लगानी रहेकाले प्राप्त श्रोत साधनको समुचित प्रयोग गरी राष्ट्रिय औद्योगीक नीतिलाई टेवा पुग्ने गरी देहायका नीतिहरु अवलम्बन गरिएको छ ।

**१.** साना तथा घरेलु उद्योगहरुलाई विकास एवम् विस्तार गर्न विभिन्न किसिमका व्यावसायिक सिपमूलक तालिमहरुको संचालनमा निरन्तरता दिइनेछ । यसका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा थप लगानी गरिनेछ ।

- ❖ भाडामा बस्न नसक्ने, आफ्नै घरमा व्यवसाय संचालन गर्न कठिनाई भएका उद्यमीहरुका लागि साझा सुविधा केन्द्रको स्थापना गरी व्यवसाय संचालन तथा बजार प्रवर्धनमा सहयोग गर्ने नीति लिइनेछ ।
- ❖ औद्योगिक क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गर्न तथा लघु, घरेलु तथा साना उद्योग प्रवर्धन गरी रोजगारीको वातावरण सिर्जना गर्न गरिवी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम संन्चालन निर्देशिका निमार्ण गरी कार्यान्वयन गरिनेछ ।
- ❖ गाउँपालिकामा सिप विकास तर्फका दक्ष प्रशिक्षकको रोस्टर तयार गरि प्रशिक्षक प्रशिक्षण तालिम संन्चालन गरिनेछ ।
- ❖ पालिका स्तरिय कोशेली गृहको स्थापना गरिनेछ ।

२. मझौला तथा ठुला उद्योगहरुको स्थापना गर्न नेपाल सरकारको औद्योगीक नीति अनुरुप विभिन्न कार्य अघि बढाइनेछ । साना तथा मझौला उद्योग ग्राम स्थापनाका लागि सम्भाव्यता अध्ययन गरी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ ।

३. खानीजन्य उद्योग (निलम, फलाम, तामा) को पहिचान र उत्खनन्का लागि सम्भाव्यता अध्ययन गर्ने नीति अवलम्बन गरिने छ । यस कार्यका लागि प्रदेश सरकार, नेपाल सरकार तथा सम्वद्ध निकाय संग सहयोगका लागि अनुरोध गरिनेछ ।

४. कृषि क्षेत्रमा लगानी प्रवर्द्धन गर्न र कृषि र जडिबुटी जन्य उद्योगहरु संचालन गर्न चाहिने उद्योगीहरुलाई ५ बर्ष सम्मको व्यावसायिक कर मिनाहा गर्नुका साथै कृषि जन्य उत्पादनमा निकासी कर लगाइने छैन ।

५. यहाँका खोलानाला बाट उत्पादन हुन सक्ने विद्युत उत्पादनमा लगानी कर्ता सँग मिलेर सहज बातावरण निर्माण गरिने छ ।

६. लघुउद्यम विकास तालिम मार्फत उद्यमीहरु सिर्जना गरी उधमशीलतामा आकर्षित गर्ने नीति लिइनेछ ।

७. गाउँपालिका स्तरीय औद्योगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा निजी सार्वजिनक लगानीमा आकर्षण तथा संरक्षणको व्यवस्था मिलाईने छ ।

८. यस गाउँपालिकामा संभावना रहेका खानीजन्य उत्पादनको संभाव्यता अध्ययन तथा निकासी एवम् प्रशोधन व्यवस्थाका लागि संघिय सरकारसंग सहकार्य गरिनेछ ।

९. लघु,घरेलु तथा नवीनतम् प्रकृतिका उद्यम स्थापनाका लागि अनुदान व्यवस्थालाई निरन्तरता दिइनेछ ।

## ३. संस्कृति तथा पर्यटन प्रवर्द्धन

पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटकीय पूर्वाधारहरुको निर्माण का लागि देहायका निति लगिएको छ ।

- ठाटीकाँध पर्यटन बिकास बोर्ड गठन गरी परिचालन गर्न आवाश्यक पहल गरिनेछ ।
- ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान , संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइनेछ ।
- मदानताल,बुकीमालिका,विजारे,छडदेउती,धौलापडा,भिमपाईला,नाखेगुफा ,तोलिपाटा पर्यटन सर्किट निमार्णको पहल गरिनेछ ।
- ताल तलैयाको सँरक्षण र सम्बर्धन गरि पर्यटकलाई आकर्षण गराउने निति लिईनेछ ।
- कृषि क्षेत्रमा नवीनतम विकासका माध्यमबाट पर्यटकीय आकर्षण बढ्ने गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- यस गाउपालिकाको वार्ड नम्बर ३ मा अबस्थित मदानताल र विजारेको यसै वर्ष DPR तयार गरि आकर्षक पर्यटन गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिकाको वडा नम्बर २ को जौचैर, वडा नम्बर ३ को खुडखुडी र वडा नम्बर ४ को धनकोटलाई होमस्टेको रुपमा संञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

## ४. वन तथा वातावरण सम्बन्धी नीति

१. प्राकृतिक सम्पदाको संरक्षण गर्दै सार्वजनिक जग्गाहरुमा वन विस्तार गरी सम्पूर्ण क्षेत्राधिकार भित्रका सामुदायिक वनहरुको स्वामित्व ग्रहण गरिनेछ ।

२. तालतलैया, पार्क हरियालीलाई विशेष जोड दिइनेछ ।

३. धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचार प्रसारको पहल गरिनेछ ।

४. बजारका मूख्य सडक लगायतका थप सडकको स्तर उन्नती गर्दै, सडक किनारामा अनिवार्य वृक्षारोपणका कार्यलाई ग्राहयता दिइ हरित सडक निर्माणको लागि पहल गरिनेछ ।

५. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न सरोकारवालाहरुको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।

६. सामुदायिक वन उपभोक्ता समितिहरुलाई विभिन्न जनचेतना जगाउने जस्ता कार्यक्रमहरुमा संलग्न गराइनेछ ।

७. योजना छनोट तथा संचालन गर्दा वातावरण मैत्री बनाउने नीति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८. एक व्यक्ति एक विरुवा, एक जनप्रतिनिधी ५ विरुवा र १ कर्मचारी ५ बिरुवा भन्ने नीतिलाई वार्षिक कार्यक्रम सञ्चालनका रुपमा ल्याइनेछ ।

९. घर लगायतका पूर्वाधार निमार्णमा १ घर २ विरुवा नीतिलाई अवलम्वन गरिनेछ । नक्सा पास प्रक्रियामा समेत त्यसलाई अनिवार्य बनाइनेछ ।

१०. प्राकृतिक मुल संरक्षण तथा नदीनालाको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

११. राष्ट्रिय र सामुदायिक वन दुबैलाई एकिकृत वन विकासको माध्यमबाट हराभरा र उपयोगी बनाउन पहल गरिने छ ।

१२. जलचर तथा जलिय जैविक विविधताको संरक्षण र सम्र्वधन गर्न आवश्यक कार्यक्रम वनाई सरोकारवाला निकायको साझेदारितामा कार्यान्वयन गर्न पहल गरिनेछ ।

१३. विकास साझेदार निकायहरुको लगानी साझेदारीतामा एक वडा एक वन नर्सरी निर्माण गर्ने नीति लिइनेछ। रैथाने विरुवाहरुको संरक्षरणमा विषेश जोड दिइनेछ।

१४. जनसंख्या वृद्धिका कारण बढ्दो वनजंगल फडानीलाई रोक्न तथा उर्जाको मागलाई व्यवस्थापन गर्न गोवर ग्यास उत्पादनका लागि पहल गरिनेछ।

१५. यस गाउँपालिकाका सबै वडाहरुमा वन सँरक्षण तथा सुदढीकरण गरिनेछ ।

१६. विभिन्न सरकारी तथा सामुदायिक वनबाट निकासी भइरहेको वन जन्य वस्तुहरुको आयको रोयल्टी अनिवार्य गाउँपालिकाको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था मिलाईनेछ।

१७. यस क्षेत्रमा पाईने प्राकृतिक खनिज, वनजन्य जडीबुटीको उत्खनन्, प्रशोधन तथा निकासीको लागि आवश्यक नीतिगत सुधार तथा व्यवस्थापन गर्न पहल गरिनेछ।

१८. जडीबुटी तथा वनजन्य खेती तथा उत्पादान उद्योग संचालनका लागि विशेष प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ।

१९. पर्यावरण संरक्षणका लागि एक वडा एक हरित सडक निर्माणको कार्यलाई यसै बर्षदेखि कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

२०. साविकमा संचालित वन संरक्षण, सुदृढिकरण तथा दिगो विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. सार्वजनिक तथा सामुदायिक वनमा सामुहिक वनजन्य खेतीका लागि आवश्यक पहल गरिनेछ।

२२. वनजन्य निकासीलाई व्यवस्थित गरिनेछ।

२३. सबै वडाहरुमा वन सँरक्षण तथा सम्बर्धन गर्न प्रत्येक आ.ब मा बन सँरक्षण तथा सुदृढीकरणको लागि वजेट सुनिश्चित गरि कार्यक्रम ल्याईनेछ । उक्त कार्यक्रम सँचालन गर्न श्रोत व्यक्ति र हरेक महिनाको ७ दिन काममा लगाउने गरी वृक्षारोपण तथा सँरक्षण र नर्सरीमा काम गर्ने ज्यामीको व्यवस्था गरिनेछ ।

२४. घासजन्य विरुवाको वृक्षारोपणको लागि पशुपालन कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

**५.सहकारी**

- यस गाउँपालिकालाई सहकारी मैत्री गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक रहेको र गाउँमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी वेरोजगार महिला तथा युवाहरुलाई रोजगारी सिर्जना गर्दै देश विकासको मुल धारमा ल्याउन आवश्यक रहेकाले देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिएको छ ।
- एक घर एक सहकारी सदस्य नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।
- सहकारी नीति अर्न्तगत सहकारीका रुपमा कृषि, पशुपालन र पशुजन्य सहकारी तथा उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।
- साना बचत तथा आयआर्जन, कुटीर उद्योगहरु, कृषिजन्य उद्योगहरुमा सहकारी क्षेत्रमा लगानी बढाइनेछ ।
- यस गाउँपालिका भित्र रहेका सहकारीहरुलाई प्रवर्द्धन गर्न लेखा व्यवस्थापन लगायतका तालिमहरु संचालनमा ल्याइनेछ ।
- सहकारी क्षेत्रको विकासका लागि निरन्तर रुपमा सहकारीहरुको अनुगमन तथा नियन्त्रण गरिनेछ ।
- सहकारी क्षेत्रमा खुतुर्के बचत, सानो वचत, वाल बचत, दैनिक बचत, वृद्ध वचत, मौसमी वचत तथा महिलाहरु बाट गरिने विभिन्न घरायसी बचत हरुलाई एकीकृत गरी मुल पूँजीको रुपमा विकास गरी लगानीमा विस्तार गरी आयआर्जनमा टेवा पुग्ने खालका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- युवामैत्री सहकारी अभियानको खाँचो रहेकाले अधिकांश सहकारी क्षेत्रहरुमा युवाहरुलाई परिचालन गरिनेछ ।
- सहकारी मार्फत जैविक कृषि पर्यटनको प्रवर्द्धन गरिनेछ ।

- सहकारी मार्फत यस गाउँपालिकाले आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीहरुलाई एकिकृत गर्दै पूँजी विस्तार र परिचालनमा जोड दिइनेछ ।
- नेपाल सरकारले निर्धारण गरेका विभिन्न सहकारी नीति कार्यक्रम तथा आर्थिक सहयोगलाई समुचित रुपमा पालना तथा उपयोग गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका कृषि तथा पशु समूहहरुलाई सहकारीमा रुपान्तरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- नयाँ लघु उद्यमीहरुलाई व्यवसाय संचालनमा प्रोत्साहनका लागि सहकारी मार्फत् न्यून व्याजदरमा ऋण अनुदानको व्यवस्था मिलाइनेछ । सोको कार्यान्वयनका लागि सहकारी छनौट गरि सहकारी लाई घुम्तीकोष परिचालनका लागि आवश्यक वीउपूँजी सहयोगको व्यवस्थापनका साथै नीतिगत व्यवस्थापन गरिनेछ ।

## ख) <u>सामाजिक क्षेत्र</u>

**१ शिक्षा .**

१गाउँपालिका स्तरिय शिक्षा ऐन., नियमावली तथा आवश्यक कार्यविधी तयार गरी सोही वमोजिम शैक्षिक सुधारका कार्यक्रमहरु अगाडि बढाइनेछ ।

२गाउँपालिकामा रहेका वालविकास केन्द्रहरु र सामुदायिक विद्यालयहरुको भौतिक निर्माण व्यवस्थापनलाई . प्राथमिकतामा राखिनेछ ।

३सामुदायिक विद्यालयहरुमा शैक्षिक सामाग्री तथा खेल सामाग्र .ी उपलब्ध गराउने नीति लिइने छ ।

४बालमैत्री गाउँपालिका निर्माणको कार्यलाई पूर्.णता दिइनेछ ।

५विद्यालय केन्द्रित सामुदायिक स्वास्थ्यको अवधारणा अनुरुप गाउँपालिकास्तरीय वाल क्लव र विद्यालय स्तरिय . वाल क्लवहरुको नाममा सरसफाई कोष स्थापना गरी संचालनमा ल्याइने छ ।

६विद्यालयमा लागुपदार्थ दु .र्व्यसनी विरुद्ध अभियान, वालक्लव क्षमता विकास कार्यक्रम, शिशु स्याहार सम्वन्धि अभिमुखिकरण तथा विद्यालय भर्ना अभियानलाई सघन रुपमा अगाडि बढाइने छ ।

७पिछडिएको वर्गबाट सर्वोत्कृष्ट अंक ल्याई उत्तिर्ण हुने छात्रछात्रालाई उच्च शिक्षा अन्तर्गत स्वास्थ्य ., कृषि, विज्ञान तथा इन्जिनियरिङ्ग विषयमा अध्ययनका लागि एकमुष्ट रुपमा सहयोग उपलब्ध गराउने नीतिलाई निरन्तरता लिइनेछ ।

८सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेका ठाउँमा दरवन्दी मिलान गर्ने कार्यक्रमलाई अगाडी . बढाइनेछ । अति न्यून विद्यार्थी रहेका विद्यालयहरुलाई नजिक विद्यालयमा मर्ज गरी शिक्षक दरवन्दी समेत मिलान गरिनेछ ।

९नीजि क्षेत्रद्वारा संचालित सबै शिक्षण संस्थाहरुलाई करको दायरामा ल्याइनेछ । न्यूनतम पारिश्रमिक नदिई . अध्यापन गराउदै आएको पाईएमा वा विभिन्न बाहानामा शुल्क लिने तर सुविधा नदिने गरेको देखिएमा छानवीन गरी कारवाही समेत गरिनेछ ।

१०. सामुदायिक सिकाई केन्द्रको विकासलाई प्रत्येक वडा सम्म निरन्तरता दिई स्तरोन्नती तथा लगानीमैत्री वातावरण सिर्जना गरि व्यवस्थित गरिने छ ।

११सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरलाई सुधार गर्न विद्यालय पूर्वाधार सुधार कार्यक्रम लागु गरी . कार्यान्वयन गर्न प्रदेश सरकार संग पहल गरिनेछ ।

१२शिक्षा क्षेत्रको गुणस्तर सुधारका लागि . शैक्षिक तथ्याङ्क व्यवस्थापन, विद्यालय शैक्षिक व्यवस्थापन सुचना प्रणालीको व्यवस्थापन तथा शिक्षा क्षेत्रमा नवीनतम् प्रविधिको विकास गर्ने नीति अवलम्वन गरिनेछ भने सामुदायिक विद्यालयहरुलाई नवप्रवर्तनशील र प्रविधिमैत्री बनाइने छ ।

१३वि विद्यालयहरुलाई नमूना विद्यालय बनाउनको लागि पुर्वाधार तयार गर्ने कार्यक्रम .गाउँपालिका भित्रका मा . ल्याईने छ भने एक वडा एक नमुना विद्यालय कार्यक्रमलाई अगाडि बढाइने छ ।

१४ अनिवार्य तथा निःशुल्क आधारभुत शिक्षाको.सुनिश्चितता गर्न पहुच, सहभागीता, संस्थागत क्षमता र गुणस्तर अभिवृद्धि गर्न पहल गरिनेछ ।

१५वालविकास देखि माध्यमिक तह सम्मको शिक्षाको गुणस्तरका लागी आवश्यक जनशक्ति .,भौतिक शैक्षिक एवं शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

१६विद्यार्थी .ले परीक्षामा प्राप्त गरेको परिणामको आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन गरिने छ ।

१७सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने शिक्षक प्रधानाध्यापक ., कर्मचारी र पदाधिकारीको पेशागत आचार संहिता तयार गरी अनुगमन, र नियमनको व्यवस्थापन गरिनेछ ।

१८स्थानीय आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम ., पाठ्यपुस्तक र पाठ्यसामाग्री निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

१९ शिक्षण संस्थाको प्रभावकारी अनुगमन तथा मुल्याङ्कन प्रणालीको विकास गरिनेछ । .

२०खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचाल .न तथा व्यवस्थापन गरिनेछ ।

२१ सम्मको पालिका स्तरिय परिक्षा संचालन तथा व्यवस्थापनलाई निरन्तरता दिईनेछ । ९ देखी ४ कक्षा .

२२विद्यालयको शैक्षिक भौतिक र मनोवैज्ञानिक व्यवस्थापन कार्यक्रम ., पालिका स्तरिय परिक्षा संचालन तथा व्यवस्थापनका लागि प्रश्नपत्र वैंक निर्माण, विज्ञ शिक्षकहरुको रोष्ट्रर निर्माण,पाठ्क्रम र विशिष्टिकरण तालिका सम्वन्धि तालिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

२३परम्परागत स्थानीय प्राकृतिक चिकित्सा योग र आयुर्वेदिक शिक्षाको संरक्षण र प्रबद्र्धनका लागि पहल . गरिनेछ ।

२४वाल प्रतिभाको पहिचान ., सिर्जनशिल, रचनात्मक र अन्वेषणमुखी कार्यको लागी विद्यार्थीको प्रतिभा र रचनात्मक कार्यको अन्तर–विद्यालय शैक्षिक प्रदर्शनी आयोजना, अवलोकन र प्रोत्साहन गर्न पहल गरिनेछ ।

२५उत्पादनशील पाठ्क्रम ., पाठ्पुस्तक, शिक्षण विधि, शैक्षिक सामाग्री सम्बन्धि अनुसन्धानमुखी कार्यक्रम वनाइनेछ ।

२६शिक्ष .कको निरन्तर पेशागत विकास र पुर्नताजगी तालिमका कार्यक्रमहरु, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटवर्क, सहकार्यत्मक रुपमा गरिने अनुसन्धान, मोनिटरिङ जस्ता कार्यक्रम संचालन गरिनेछ ।

२७ विद्यालय छाड्ने र कक्षा .दोहोरयाउने दरमा न्यूनीकरण, विद्यार्थी सिकाई उपलब्धिको तुलनात्मक अध्ययन विश्लेषण पद्धतिको विकासका लागि पहल गरिनेछ ।

२८शैक्षिक संस्थाहरुमा पुस्तकालयको विकास., व्यवस्थापन तथा संचालन मापदण्ड तयार गरी एक विद्यालय एक पुस्तकालय नीतिलाई अगाडि बढाइने छ ।

२९मातृ . भाषाको पहिचान, संरक्षण तथा संवद्र्धन, स्थानीय पेशा, व्यवसाय र प्रविधि शिक्षाको खोजी संरक्षण र सम्बद्र्धनका लागि पहल गरिनेछ ।

३०स्थानीय बाजागाजा ., कथा, कविता, गित, छैठी, देउडा, चाडपर्व र रीति रिवाज संरक्षण, सम्बर्द्धन र स्थानीय पाठ्क्रममा समायोजन गर्न विशेष जोड दिइनेछ ।

३१ विविध प्रकारका अपागंता भएका .विद्यार्थीको पहिचान, वर्गीकरण तथा अपाङ्गमैत्री, समावेशी, विशेष शिक्षाको व्यवस्था, स्रोत कक्षा र विशेष विद्यालय स्थापनार्थ संघ, प्रदेश तथा विभिन्न साझेदार निकायसंगको सहकार्यमा पहल गरिनेछ ।

३२भवन कक्षा को .ठा, फर्निचर, प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, वुक कर्नरको व्यवस्थापनमा साझेदारी कायम गरिनेछ ।

३३विद्यार्थी संख्या र विषयगत रुपमा दरवन्दि अपुग विद्यालयमा स्थायी दरवन्दीको माग र आयोग बाट पद . पुदपुर्ति गर्ने व्यवस्थाका लागि पहल गरिने छ ।

३४ट्यूशन ., कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमनको व्यवस्थापन गरिनेछ ।

३५प्राकृतिक विपत्ति ., जोखिम तथा महामारीबाट शिक्षा क्षेत्रलाई जोगाउन शैक्षिक क्षेत्रमा हुने विपद् पूर्व तयारी तथा प्रति कार्य योजना निर्माण गरिने छ र विशेष परिस्थितिमा विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिन बैकल्पिक सिकाई सहजीकरण क्रियाकलापका विभिन्न उपायहरुको निर्माण र खोजी गरी लागु गरिनेछ ।

३६विद्यालयमा बालमैत्री र डिस्पोजल सहितको शौचालय., स्वच्छ खाने पानी, विद्यालय स्वास्थ्य र सरसफाई, वृक्षारोपण, विद्यालयको आफ्नै खेल मैदान, बुक कर्नर र शैक्षिक सामाग्री, उपयुक्त कक्षाकोठा र फर्निचर, विज्ञान प्रयोगशाला, पुस्तकालय र ICT ल्यावलाई व्यवस्थित गर्नु पर्ने जस्ता न्युनतम मापदण्ड र प्रावधानलाई कार्यान्वियनमा ल्याइने छ ।

३७वालविकास नभएका विद्यालयहरुमा वालविकास कोटा सिर्जना गर.ी कक्षा संचालन र अनुदान व्यवस्थापन गरिने छ र प्रत्येक वडाका आवश्यक पर्ने ठाउँमा वालविकास केन्द्र स्थापना गरि भौतिक संरचना निर्माण गरिने छ ।

३८भुकम्परहित., प्राकृतिक विपत, जोखिम र जस्तापाता मुक्त विद्यालय भवन तथा संरचना निर्माणको नीति लिइनेछ ।

३९ शिक्षाको.गुणस्तर अभिवृद्धि गर्न सरोकारवाला निकायहरु बिच समन्वय तथा शिक्षक,विद्यार्थी र अभिभावक बीच अन्तरक्रिया र अभिभावक शिक्षालाई जोड दिइनेछ ।

४०गाउँपालिका स्तरीय सामुदायिक तथा सँस्थागत विद्यालयहरुको शैक्षिक गतिविधिहरुमा एकरुपता ल्याउन . वार्षिक शैक्षिक क्यालण्डरर विद्यालय सुधार योजना निर्माण गरि लागु गरिनेछ ।

४१हजारले वृद्धि २ गाउँपालिकास्तरीय अनुदान शिक्षकहरुको पोषाक भत्ताको व्यवस्था गरी तलब स्केलमा . गरिनेछ । गाउँपालिकाको अनुदानमा कार्यरत बालबिकास सहजकर्ताको तलब संघीय निति तथा कार्यक्रम अनुरुप संघीय अनुदानमा कार्यरत बालबिकास सहजकर्ताको सेवा सुविधा सरह बनाईनेछ ।

४२शैक्षिक )गाउँपालिकाको समग्र शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न गाउँ शिक्षा योजना निर्माण र शिक्षाको प्रोफाईल. पार्श्वचित्रनिर्माण गरी लागु गरिनेछ । (

४३.गाउँपालिकाबाट विभिन्न शीर्षकमा जाने निकासा र अनुदानको सदुपयोग भए नभएको, विद्यालय पठनपाठनमा प्रअ शिक्षक, कर्मचारीबाट हुने अनुपस्थिति,अनियमितता हिनामिना तथा शैक्षिक क्षेत्रमा गरिने विविध खालका लापरवाहीलाई कडाइका साथ निगरानी गरी कार्वाहीको प्रक्रिया अघि बढाइने छ ।

४४विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहर .ुको परिचयपत्र निर्माण गरि परिचय पत्र नभई शिक्षकहरुलाई पर्न जाने समस्याहरुलाई समाधान गरिनेछ ।

४५शिक्षक अप .ुग सामुदायिक विद्यालयहरुका विभिन्न तहहरुमा विद्यार्थी संख्याको आधारमा गाउँपालिका स्तरीय शिक्षण सहयोग अनुदान दरबन्दी सिर्जना गरी शिक्षकहरुको व्यवस्थापन गरिने छ ।

४६को प्रारम्भिक कक्षा पढाई सिपको विकास र प्रवर्धन गरी शैक्षिक ३ देखि १ विद्यालयमा आधारभूत तह कक्षा. जग बलियो बनाउन पठन मेला, प्रारम्भिक शिक्षकको क्षमता विकास तालिम, अनुगमन र मूल्यांकन, शैक्षिक सामाग्री व्यवस्थापन तथा राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमका अनुभव, नीति तथा कार्यक्रमहरुलाई विद्यालयमा लागु गर्ने नीति अवलम्बन गरिनेछ ।

४७विभिन्न नमूना शैक्षिक क्षेत्रको अवलोकन भ्रमण गरी शैक्षिक अनुभवहरुलाई साटासाटा गर्ने र लागु गर्ने . कार्यक्रमलाई अवलम्बन गरिनेछ ।

४८ .शिक्षा समिति र प्रअ बैठकलाई नियमित गरी आवश्यकता र नियमानुसार बालविकास, विव्यस र विषयगत शिक्षकहरुको समेत बैठक र अभिमुखिकरण कार्य संचालन गरिने छ ।

४९शैक्षिक पँहुच सुनिश्चितत्ता ., अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५० शिक्षा.,युवा र खेलकुद क्षेत्र,विद्यालय अनुगमन,परीक्षा संचालन र व्यवस्थापन ,विद्यालयको तथ्याङ्क व्यवस्थापन,शैक्षिक योजना र भौतिक निर्माण ,शिक्षकको कार्यसम्पादन मूल्याङ्कन , वार्षिक परीक्षाको गुणस्तर परीक्षण तथा शिक्षाको प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।

५१स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक सिप विकासका. अवसर सिर्जना गर्न सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक धारका कार्यक्रमहरु संचालन गरिने छ र क्रमश छुट्टै प्राविधिक तथा व्यवसायिक शिक्षालय स्थापनार्थ पहल गरिने छ ।

५२उच्च शिक्षामा पालिका बासीको पहुच बढाउन उच्च शिक्षा प्रदायक शैक्षिक संस्था र क्याम्पसको स्थापना गर्ने. कार्यक्रममा जोड दिइनेछ ।

५३शिक्षा क्षेत्रका अनुभवी र विज्ञ तथा उच्च . शिक्षा उत्तिर्ण व्यक्तिहरुको Master Mind समुह निर्माण गरी पालिकाको समग्र शैक्षिक विकासको संभावना तथा अवसरको बारेमा नियमित छलफल अन्तरक्रिया गरी गुणस्तरीय शिक्षा विकासमा जोड दिइने छ ।

५४सामुदायिक विद्यालयमा गुणात्मक शिक्षाको प्रत्याभुति दिलाउन गुणस्तर .ीय शिक्षक,गुणस्तरीय लगानी ,गुणस्तरीय भौतिक पुर्वाधार ,गुणस्तरीय शैक्षिक सामाग्री, गुणस्तरीय शिक्षक तालिम र कक्षाकोठाका साथै गुणस्तरीय अनुगमन प्रणालीको व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाइने छ ।

५५पालिका भित्रका सामुदायिक विद्यालयहरुमा घेरबार र रङ्गरोगन. गरी विद्यालय स्वच्छता र सरसफाइलाई जोड दिइने छ ।

५६ आधारभुत तह परीक्षा., SEE र कक्षा १२ मा उत्कृष्ट छात्रछात्रालाई नगद पुरस्कार मार्फत प्रोत्साहन गरिने छ ।

५७अपाङ्गता भएका र आर्थिक रुपले विपन्न जेहेन्दार र अति गरिव छात्रछात्रालाइ उच्च शिक्षा अध्ययनका ल.ागि छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम ल्याइने छ ।

५८विद्यार्थीहरुको अध्ययन तथा पालिकाबासीको शैक्षिक ज्ञानको स्तर वृद्धि गर्न गाउँपालिकामा सूचना प्रविधियुक्त . एक सार्वजनिक पुस्तकालय स्थापना गर्ने कार्य गरिने छ ।

५९. शिक्षामा लगानी गर्न शिक्षा कोषको स्थापना गरिने छ ।

युवा तथा खेलकूदका लागि आवश्यक ऐन 60, नियमावली र कार्यविधि बनाई लागु गरिने छ ।

६१ विविध युवा प्रतिभाहरुको खोजी .,प्रोत्साहन र युवा लक्षित कार्यक्रम निर्माणका साथै शारीरिक सुगठन र स्वस्थ नागरिक विकासको लागि युवा र खेलकुदको क्षेत्रमा बजेटको व्यवस्था गरी खेलकुद लगायतका विविध गतिविधिहरुको आयोजना गरिने छ ।

गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा शाखाबाट संचालन हुने परीक्षा.6२,विभिन्न तालिम र गोष्ठीलाई व्यवस्थित गर्न आवश्यक शैक्षिक सामग्री र सन्दर्भसामाग्री सहितको पुस्तक कुना एवं पुस्तकालयको व्यवस्था गरिने छ।

६३स्थानीय तहले स्वीकृत गरेका बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाहरुलाई दिवा खाजाको व्यवस्था . गरिने छ ।

६४शिक्षा शाखाको कार्य सम्पादनलाई व्यवस्थित गर्न आवश्यक सवारी साधन., संचार तथा इन्धन र विविध खर्चको ब्यवस्था गरिने छ ।

६५प्र.ाविधिक तथा व्यवसायिक शिक्षा संचालन गर्ने विद्यालयहरुलाई प्रोत्साहन र अनुदानका कार्यक्रमहरु ल्याइने छ।

६६विद्यालय उद्यमशिलता कार्यक्रम., युवा प्रतिभा प्रवर्द्धन संरक्षण र सम्मान कार्यक्रम , एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम जस्ता कार्यक्रमहरु निर्माण गरी कार्यान्वियनमा ल्याइने छ ।

६७विद्यालय क्षेत्र भित्र प्लाष्टिकजन्य पदार्थ. र आयातित जङ्गफुडलाई निषेधित गरिने छ ।

६८विद्यालयमा सफा र स्वच्छ हात धुने स्थान., सुरक्षित खानेपानी र पूर्ण सरसफाई, किशोरी मैत्री र अपाङ्गमैत्री शौचालय निर्माण ,विद्यालय किशोरकिशोरी स्वास्थ्य तथा पोषण, नियमित जुकाको औषधि,फोलिक एसिड तथा आइरन चक्की खुवाउने कार्यक्रमलाई अगाडि बढाइने छ ।

६९विद्यालयमा हुन सक्ने सबैखाले विवेद र हिंसाजन्य गतिविधिको अन्त्य गरिने छ ।.

## २. स्वास्थ्य सेवा शाखा :

यस ठाटीकाँध गाउँपालिकालाई विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ।

१) गाउँपालिकाका हरेक नागरिकलाई सहज रुपमा आधारभूत स्वास्थ्य सेवाप्रवाह भएको सुनिश्चित्तता गरिने छ।

२) गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरी जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै सरुवा रोगहरुको प्रकोप घटाउदै हाल क्रमश बढ्दो क्रममा रहेको नसर्ने रोगहरुको पहिचान, उपचारलाई र प्रेषण सेवालाई आधारभूत स्वास्थ्य सेवा स्तर देखिनै व्यवस्थापन गरिनेछ।

३) गाउँपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन लकान्द्र प्राथमिक स्वास्थ्य केन्द्र लाई स्तरउन्ती भई १५ सैयाको प्राथमिक अस्पताल संचालन गर्नको लागी भौतिक पुर्वाधार निर्माणको कार्य संचालनमा रहेको र भौतिक पुर्वाधारहरुको निर्माण कार्य सम्पन्न भईसकेपछी नियमित स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक जनशक्ति ब्यबस्थापन गरी अस्पतालमा रुपान्तरण गर्न आवाश्यक पहल गरिनेछ।

४) आधारभुत स्वास्थ्य सेवा केन्द्र, सामुदायीक स्वास्थ्य ईकाइ, स्वास्थ्य चौकी र प्राथमिक अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाहका लागि न्यूनतम सेवा मापदण्ड अनुसारको अत्यावश्यक सामाग्रीहरु (मेडिकल/सर्जिकल) को अनुगमन गरी मुल्याङ्कनका आधारमा प्रर्याप्त

बजेटको व्यवस्था गरी सुरक्षित खानेपानी, अपाङ्गमैत्रि शौचालय, कर्मचारी आबाससहितको प्रबिधीमैत्री स्वास्थ्य संस्था बनाईनेछ। भुगोलका आधारमा वडा नं. ३ माझखर्कमा निर्माण गरिएको सामुदायीक स्वास्थ्य इकाईको अनुगमन गरी चालु आ.ब. देखी नै सेवा संचालनका लागि आवश्यक सामाग्रीहरु र स्वास्थ्य जनशक्ति ब्यवस्थापन गरिनेछ साथै २४ सै घण्टा प्रसुति सेवा संचालन गरिनेछ ।

५) मातृ मृत्यु, नवजात शिशु मृत्यु र बालमृत्यु दर घटाउन सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप सेवा, परिवार नियोजन सेवा, किशोरकिशोरी प्रजनन् स्वास्थ्य सेवा लगायत प्रतिकारात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइनेछ ।

६) गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै हाल यस ठाटीकाँध गाउँपालिकामा सेवा प्रदान गर्ने गरी संचालनमा रहेको आयुर्वेद सेवा लाई थप प्रर्वद्धन गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

७) “स्वास्थ्य अनुसन्धान” लाई गुणस्तरीय बनाई अनुसन्धानबाट प्राप्त परिणामलाई ठाटीकाँध गाउँपालिकाको नीति, रणनीति र योजना बिकास गर्न प्रभावकारी उपयोग गरिनेछ ।

८) गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्ग जस्तैः ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका नागरिक, किशोरकिशोरी, सिमान्तकृत, बिभेदमा परेका, घाईतेको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने ब्यवस्था गरिने छ । साथै स्वास्थ्य सेवा लाई सर्वसुलभ बनाउन अस्पतालको हातामा फार्मेसि संचालनका लागि औषधी खरिद प्रक्रिया शुरु भईसकेकोले फार्मेसि सेवा संचालनका लागि आवश्यक जनशक्ति करारमा व्यवस्था गरी सेवा संचालन गरिनेछ र सो कार्य संचालनको लागि फार्मेसि संचालन निर्देशिका तयार गरी सोही अनुरुप कार्यन्वयन गरिनेछ ।

९) सरकारी तथा निजी क्षेत्रबाट संञ्चालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य गर्नुका साथै हरेक चौमासिकमा कम्तिमा एक पटक पालिका बाट संयूक्त अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ ।

१०) सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपतकालिन अवस्था र महामारी नियन्त्रण तथा व्यवस्थापन कार्यलाई स्थानीय तह, प्रदेश र संघिय सरकारसँगको समन्वयमा कार्यान्वयन गरिनेछ ।

११) जनस्वास्थ्य क्षेत्रमा ठाटीकाँध गाउँपालिकाको लगानी अभिबृद्धि गर्दै संघीय सरकार, प्रदेश सरकार तथा निजी लगायत अन्य लगानी लाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गरिनेछ ।

१२) स्वास्थ्यकर्मीको सुरक्षा, समुदायको स्वास्थ्य क्षेत्रमा सहभागीता र जनताको स्वास्थ्य सूचनाको हक सुरक्षित गर्दै स्वास्थ्य क्षेत्रमा सुशासन सुनिश्चित गरिने छ ।

१३) गाउँपालिकाबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गर्न सम्बन्धीत सरोकारवालसंग समन्वय गरिनेछ ।

१४) गाउँपालिका भित्र जन्म, मृत्यु, बसाइ सराई जस्ता ब्यक्तिगत घटना दर्ता कार्यलाई ब्यवस्थित गरि गाउँपालिकाको जनसँख्या ब्यवस्थापनका कार्यहरुलाई व्यवस्थित गरिनेछ ।

१५) गाउँपालिकालाई पुर्ण खोपयूक्त गाउँपालिका घोषणातर्फ उन्मुख गराउन आगामी दिनहरुमा यसको सुनिश्चितता अध्ययन गराई दिगोपना कायम राख्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६) स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयम् सेविकाहरुको योगदानलाई उच्च मुल्याङ्कन गर्दै महिला स्वास्थ्य स्वयम् सेविका वीउ पुँजीकोष स्थापना गरिनेछ । साथै विभिन्न प्रोत्साहनका कार्यक्रमहरु ल्याईनेछ ।

१७) भविष्यमा आईपर्न सक्ने विविध दैविप्रकोप नियन्त्रणका लागी ब्यबस्था गरिनेछ ।

१८) नियमित खोप सेवा (राष्ट्रिय खोप तालिका अनुसार), खोप अभियानहरु, राष्ट्रिय भिटामिन ए कार्यक्रम्, एच.आई.भि. एड्स, कारोना रोग ( काभिड १९), मानसिक रोग, अल्जाइमर्स, तथा लागुपदार्थ दुर्व्यसनि नियन्त्रणका लागि सम्बन्धीत साझेदार निकायहरुसंग आवश्यक समन्वय गरी कार्यक्रम् संचालन गरिनेछ । साथै जिल्ला बाट खोपको नियमित ढुवानी भईरहेको परिप्रेक्षमा खोपको खेर जाने दर बढि भएको हुँदा खोपको उचित व्यवस्थापन गरी पूर्णखोप सुनिश्चतता गर्न र खोप खेर जाने दरलाई कम गर्न पालिका तहमा कोल्डचेन व्यवस्थापनका लागि मापदण्ड अनुसारको रेफ्रिजेरेटर खरिद गरी संचालनमा ल्याईनेछ ।

१९) यस पालिकामा हाल संचालनमा रहेका गाँउघर क्लिनीकहरुको अनुगमन गरी भौतिक संरचना नभएका ठाउँहरुमा मापदण्ड अनुसारका संरचना निर्माण गरी स्वास्थ्य सेवाको पहुँच बढाउने कार्यलाई निरन्तरता दिईनेछ ।

२०) ग्रामिण क्षेत्रका महिलाहरुका लागी बिशेष मातृशिशु स्याहार कार्यक्रम् सञ्चालन गरिनेछ ।

२१) स्वास्थ्य सेवामा सबैको पँहुच पुर्याउन विपन्न सबै बस्तीहरुमा एम्बुलेन्स सेवा पुग्ने गरी पुर्वाधार निर्माण गरिनेछ ।

२२) विभिन्न ठाउँहरुमा घुम्ति सेवा समेत सञ्चालन गरिनेछ । हाल सञ्चालनमा रहेका खोप केन्द्रहरुलाई समयानुकुल स्तरउन्नती गरी ब्यबस्थीत बनाईनेछ र भौगोलीक विकटता र जनसंख्याको आधारमा थप बिस्तार गरिनेछ ।

२३) किशोर किशोरीहरुलाई प्रजनन् स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२४) स्वास्थ्य क्षेत्रमा सहयोगको लागी छुट्टै कोषको स्थापना गरी संचालनमा ल्याईनेछ ।

२५) PNC घरभेट कार्यक्रम र MPDSR कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समय समयमा अनुगमन र मूल्याकन गरिनेछ ।

२६) स्वास्थ्य संस्थाहरुमा कार्यरत् स्वास्थ्यकर्मिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रम ल्याईनेछ र बिभिन्न निकायहरु संग साझेदारी गरी आवश्यकताको आधारमा क्षमता अभिवृद्धिका लागि पहल गरिनेछ ।

२७) स्वास्थ्य क्षेत्रका सूचनाहरुको व्यवस्थापनका लागि HMIS / LMIS कार्यलाई थप ब्यबस्थापन र संचालनका लागी आवश्यक जनशक्ति, भरपर्दो ईन्टरनेट सेवा,

कम्पूटर/डेक्सटप सेट र प्रिन्टर समेत खरिद गरी वितरण गरिनेछ र आ.ब. २०७९/०८० को श्रावण देखी नै स्वास्थ्य संस्था तह बाट स्वास्थ्य सूचनाहरु स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने व्यवस्था मिलाईनेछ र सम्पुर्ण स्वास्थ्यकर्मी, महिला सामुदायीक स्वास्थ्य स्वयमसेविकाहरुका लागि परिमार्जीत HMIS/LMIS Tools सम्बन्धी तालिम दिन आवश्यक बजेट व्यवस्था गरी स्वास्थ्य सेवालाई गुणस्तरिय तथा प्रविधीमैत्रि बनाईनेछ ।

२८) आमा तथा नवजात शिशु स्वास्थ्यका लागि प्रत्येक स्वास्थ्य संस्थाहरुमा स्पष्ट कार्यबिधि बनाई आकस्मिक प्रसुति कोष स्थापना गरी संचालनमा ल्याईनेछ ।

२९) पालिका लगाएत अन्तरर्गतका कार्यालयहरुमा महिला कर्मचारी तथा सेवाग्राहिहरुको सहजताका लागि स्तनपान कक्षको व्यवस्थापन गरिनेछ ।

३०) शारिरिक अपाङ्गता भएका व्यक्तिहरुको मूलप्रवाहिकरणका लागि समुदायस्तरमा पहिचान गरी आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न लकान्द्र प्राथमिक स्वास्थ्य केन्द्रमा अपाङ्गता कक्ष स्थापना गरी पुर्नस्थापनाका लागि आवश्यक सामाग्रीहरु व्यवस्थापन गर्ने र आवश्यक थप सेवाको लागि बनेपा स्थीत बाल तथा अपाङ्ग अस्पतालसंग समन्वय गरी प्रेषण व्ययस्थापन गर्न कार्यक्रम संचालन गरिनेछ ।

३१) स्वास्थ्यकर्मीहरुलाई कार्यसम्पादन तथा जोखिममा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

३२) ठाटीकाँध अस्पताल विकास समिति गठन गरी अस्पतालको व्यवस्थापन र विकासको आवाश्यक पहल गरिनेछ ।

३२) ठाटीकाँध अस्पताल स्थापना पश्चात्त रेडक्रस सँगको साझेदारीमा रगत संकलन केन्द्र स्थापना गरिनेछ ।

३३) देउलेसिम, धनकोट र ज्यामिचौरमा बर्थिङ्ग सेन्टर स्थापनाका लागि आवाश्यक पहल गरिनेछ ।

## ३. खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन

नेपालको संविधानमा समेत खानेपानीलाई जनताको मौलिक हकको रुपमा स्थापित गरिसकेको छ । प्रचुर सम्भावनाका वावजुत पनि यस गाउँपालिकामा अधिकांश जनता शुद्ध खानेपानीको पहुँचबाट वन्चित रहेका छन् तसर्थ जनताको घरदैलोमा खानेपानीको पहुँच पुरयाई जनसेवा गर्ने अभियानलाई सफलता दिन निम्न नीति हरु अवलम्बन गरिएको छ ।

- पानीका मूल मुहान र श्रोतलाई संरक्षण गर्ने नीति लिइनेछ ।
- स्वच्छ पिउने पानी व्यवस्थापनको लागि मुहान देखी मुख सम्म सरसफाई कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

- विभिन्न सामाजिक संस्थाहरु सँग सहकार्य गरी विभिन आयोजनाहरु संचालनमा ल्याइनेछ ।
- ठाटीकाँध खानेपानी आयोजना र प्याडुली खानेपानी आयोजनालाई उपभोग्य मुलक आयोजना बनाई उपयोगको आधारमा शुल्क निर्धाण गर्ने नीति लिइनेछ ।
- पुराना आयोजनाहरुको मर्मत सम्भार कार्यलाई विशेष जोड दिइनेछ ।
- साविकमा संचालित पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ । पूर्ण सरसफाई कार्यक्रम कार्यान्वयनका लागि एक जना अधिकृत छैठौं वा सहायक स्तर पाँचौ तहको कार्यक्रम संयोजक र फोहोर संकलन तथा व्यवस्थापन गर्ने बढीमा ५ जना ज्यामी व्यवस्थापन गरिनेछ र आवश्यकताका आधारमा स्वयम्सेवकरुपमा सहजकर्ता परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- खानेपानीको समस्यालाई समाधान गर्न लिफ्ट प्रविधिबाट खानेपानी योजना संचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- सरसफाईमा वानी व्यवहार परिवर्तनका लागि साझेदार निकायको समन्वयमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- वातावरण प्रदुषण गर्ने ठुला उद्योगहरुलाई प्रदुषण करको दायरामा ल्याई कुटिर उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाले गर्दै आएको सरसफाई काम सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप संचालन गर्ने नीति लिइनेछ ।
- पूर्ण सरसफाई (पोष्ट ओ.डि.एफ.) कार्यक्रम संचालनमा ल्याइनेछ ।
- फोहोरमैला व्यवस्थापन, दिसाजन्य लेदो पदार्थ व्यवस्थापन, पशुजन्य फोहोरमैला व्यावस्थापन, ल्याण्ड फिल्ड साईड निर्माण जस्ता कार्यलाई, संघ संस्था, व्यक्ति वा कार्यालय समेतको साझेदारीमा अगाडि बढाइनेछ।
- घरधुरी तहमा फोहोर वर्गीकरण तथा कम्पोष्ट मल बनाउने तालिमलाई निरन्तरता दिइनेछ ।
- संस्थाजन्य फोहोर जस्ता हानीकारक फोहोरहरुको व्यवस्थापनमा स्थानीय निजी साझेदारहरुसँग सहकार्य गरिनेछ ।

- प्रदुषण गरे प्रदुषकले तिर्नु पर्दछ। (Polluters pay principle)र प्रदुषण हटाउदा पनि फाइदा हुन्छ (Pollution preventers Grain) भन्ने सिद्धान्तलाई फोहोर सँग जोडी स्थानीयकरण गरिनेछ र सघन सरसफाई पद्धतिलाई अवलम्वन गर्दै कार्यक्रम अगाडि बढाइनेछ ।
- कार्यालय परिसरलाई पूर्ण प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरी शहरी वातावरणलाई स्वच्छ राख्न २० माइक्रोन भन्दा तलका प्लाष्टिक झोला निषेध गर्ने र अन्य प्लाष्टिक झोलाहरु लाई निरुत्साहित गरिनेछ ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापन लाई एकीकृत रुपमा विकास गर्ने नीति लिइनेछ।
- ठाटीकाँध गाउँपालिकामा सार्वजनिक शौचालयहरु निर्माण र व्यवस्थापन गरिनेछ ।
- प्लाष्टिक रहित गाउँपालिका निर्माण गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- ठोस तथा पुन प्रयोग गर्न सकिने फोहोर सम्वन्धी उद्योगको विकासका लागि आवश्यक पहल गरिने छ ।
- बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न सरसफाई कर लगाइनेछ ।
- बिस्कुना सल्लाघारी बालमैत्री फन पार्क स्थापनाका लागि आवाश्यक पहल गरिनेछ ।
- ठाटीकाँध गाउँपालिकामा खानेपानीको सहज पँहुच कायम गर्नका लागि विभिन्न संघ सस्थाहरु सँग साझेदारीको लागी सहकार्य गरिने छ ।

## ५. खेलकुद तथा मनोरन्जन

यस गाउँपालिका भित्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक रहेकाले **"हाम्रो अनुदान स्वस्थ जीवनको सान"** भन्ने उक्तिलाई चरितार्थ गर्दै समग्र खेलकुद क्षेत्रको विकास गर्न आवश्यक भएकाले नेपाल सरकारको राष्ट्रिय खेलकुद विकास नीतिलाई टेवा पुगोस भन्ने उद्देश्यले निम्न नीतिहरु अवलम्वन गरिएको छ।

- स्वस्थ शारीरिक विकासका लागि खेलकुदलाई एउटा सवल माध्यम वनाई निरन्तर विकासमा जोड दिइनेछ ।

- विभिन्न किसिमका खेलकुद सँग सम्बन्धित कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- अध्यक्षसँग रनिङ्ग सिल्ड प्रतियोगिता संञ्चालन गरिनेछ ।
- सबै तहका विद्यालयहरुमा खेलकुद विकासलाई विशेष जोड दिइ खेलकुदका कार्यक्रमहरु संचालनमा ल्याउनुका साथै खेलकुदका सामाग्रीहरु उपलब्ध गराइनेछ ।
- यस गाउँपालिकाबाट राष्ट्रिय प्रतिभाहरु उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्प्रर्धी बनाउन र खेलाडीलाई प्रोत्साहान गर्न विशेष सुविधाहरु उपलब्ध गराइनेछ ।
- कवर्ड हल निर्माण र ठुला खेलमैदान निर्माण लाई विशेष जोड दिइनेछ ।
- खेलकुद सँग सम्बन्धित क्लब तथा सस्थाहरुलाई सुदृढ गरिनेछ ।
- स्थानीय यूवा तथा बालक्लवहरु मार्फत खेलकुद सम्बन्धि क्रियाकलाप संचालन गर्ने नीति ल्याइनेछ ।

## ६.लैगिंक समानता तथा सामाजिक समावेसीकरण

१. सामाजिक परिचालन मार्फत समुह तथा समिति गठन र समुदाय परिचालनलाई निरन्तरता दिइनेछ ।

२. टोल विकास संस्था, नागरिक सचेतना केन्द्र लगायत समुदायमा आधारित अन्य संस्थाहरुको क्षमता विकासका कार्यक्रमलाई जोड दिइनेछ ।

३. सामाजिक परिचालनद्वारा ग्रामिण गरिवी न्यूनीकरणका लागि जनसहभागितामा आधारित आयआर्जन सम्बन्धि कार्यक्रम संचालनमा ल्याइनेछ ।

४. आदिवासी, जनजाती, दलित, महिला, पिछडा वर्ग लगायतका विपन्न वर्गलाई योजना छनौट देखि प्रतिफल वितरण सम्मका चरणहरुमा न्याय संगत तरिकाबाट सहभागी गराइनेछ ।

६. अपाङ्गता भएका व्यक्तिहरुलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिस लगायतका सेवामा सुविधाहरु नि.शुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइएकोछ ।

७. महिला सशक्तिकरणका कार्यक्रममा विशेष जोड दिइने छ ।

८.महिला विकास संञ्जाल मार्फत लैंगिक उत्तरदायी तथा मेलमिलाप सम्बन्धी तालिमका कार्यक्रमहरु संञ्चालन गर्ने निति लिईनेछ ।

९. समाजमा पिछडिएका, विपन्न महिलाहरुको आय आर्जनमा सुधार ल्याई जिवनस्तर सुधार गर्न विभिन्न आयमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. सामाजिक मूल्य र मान्यतालाई कायम गर्दै सामाजिक मेलमिलाप केन्द्रहरुको स्थापना गरी थप सशक्त र सुदृढ गराईने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था समेत गरिनेछ ।

११. गाम्रिण क्षेत्रमा विपन्न महिलाहरुको जीवनस्तर सुधार गर्न विशेष सहयोग कार्यक्रम संचालन गरिनेछ ।

१२.घरेलु हिंसा विरुद्धको ऐन र राष्ट्रिय कार्ययोजना २०६६ अनुसार लैंगिक हिंसाविरुद्ध ग्रामिण स्तरिय कार्यक्रमहरुमा सहकार्य गरिनेछ ।

१३.गाउँपालिकाको कार्यक्रम तथा विनियोजन गर्दा लैगिंक समानतालाई प्राथमिकतामा राखिनेछ ।

१४. गाउँपालिका क्षेत्रमा हुने घरेलु हिंसा तथा लैंगिक हिंसालाई निरुत्साहित गर्न जोड दिइनेछ ।

१५. एकल महिलाहरुको सीप, दक्षता र संस्थागत क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

१६. हिंसा, शोषण तथा अन्य पिडाबाट पीडित महिला तथा बालवालिकाहरुको सुरक्षा र हितमा ऐक्यबद्धता जनाउन कोषको स्थापना गरिनेछ ।

१७. गरिवी विरुद्ध महिला अभियान सुरु गरिनेछ ।

१८. लक्षित महिलाहरुका लागि आयमुलक तथा सीपमुलक तालिम संचालन गरिनेछ र उद्यमशीलता विकासका लागि छुट्टै कोषको निर्माण गरिनेछ ।

१९. अन्तराष्ट्रिय नारी दिवस तथा तीज जस्ता महिलाहरुका विशेष कार्यक्रमलाई बजेटको व्यवस्था गरिनेछ ।

२०. जेष्ठ नागरिक सम्बन्धी लक्षित कार्यक्रमहरु ल्याईने छ ।

२१. हिंसा पिडित महिलाहरु तथा जोखिमा परेका वालवालिका लागि आकस्मिक कोषको व्यवस्था तथा पुर्नस्थापना कार्यक्रमका लागि जोड दिईने छ ।

२२. नागरिकको जिउ, ज्यान र सम्पतिको संरक्षण गर्न तथा शान्ति सुव्यवस्था कायम गर्न यसै गाउँ प्रहरी गठन गर्न आवाश्यक पहन गर्नुपर्ने छ ।

## बहुक्षेत्रीय पोषण योजना

गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना)MSNP कार्यान्वयनको लागि निम्न नीति ( अबलम्बन गर्ने छ ।

- यस ठाटीकाँध गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई यस आ.ब.का लागि यस ठाटीकाँध गाउपालिकाले समपुरक कोष )Matching fond को व्यवस्था गरिनेछ ।
- महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस ठाटीकाँध गाउपालिकाले उच्च प्राथमिकतामा राख्ने छ ।
- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासनमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिनेछ ।
- यस गाँउपालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै गाँउपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरीय पोषण पाश्र्व चित्र ) Nutrition Profileयसै बर्ष भित्र तयार गरिने छ ।
- समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी, बाल बिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरीने छ ।

२३. अपाङ्ग मैत्रि कार्यक्रम संचालनमा जोड दिइनेछ ।

२४. एकल महिलाहरुलाई प्रोत्साहनको लागि विशेष कार्यक्रम ल्याइनेछ ।

२५. सवैखाले विभेदको अन्त्यका लागि कार्यक्रम वनाई कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

**७. पूर्वाधार विकास :**

१. गाउँपालिका, प्रदेश र केन्द्र सरकारको अन्तरसम्वन्धमा आधारित र अधिकतम लागत सहभागितामा संचालित आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

२. यस ठाटीकाँध गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहितालाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको न्युनतम मापदण्ड लाई आधार मानेर व्यवस्थित वस्ति विकासको लागि परिमार्जन गरी लागु गरिनेछ ।

३. विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न अनुगमन र निरिक्षण प्रणालिलाई प्रभावकारी बनाइनेछ ।

४. गाउँपालिकाको व्यवस्थित ढल निकासको लागि शहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा तयार हुने ढल निकास गुरुयोजना अनुरुप कार्यक्रम बनाई कार्यान्वयन गर्ने नीति लिइने छ ।

५. पुराना भवनमा तला थप गर्ने योजनाका लागि प्राविधिक जोखिमको लेखाजोखा गरी इजाजत प्रक्रिया अघि बढाइनेछ ।

६. भौतिक पूर्वाधार निर्माणको गुणस्तर परीक्षण गर्नका लागि जिल्ला प्राविधिक कार्यालय सँग सहकार्य गरी गाउँक्षेत्र भित्र हुने भौतिक पूर्वाधारहरुको गुणस्तरमा विषेश जोड दिइनेछ।

७. भुकम्प प्रतिरोधक भवन निर्माणको लागि प्रोत्साहन गर्न डकर्मिहरुलाई तालिम दिने नीतिलाई निरन्तरता दिइनेछ ।

८. गाउँपालिकामा निर्माण हुने भवनको नक्सापास प्रक्रियालाई यसै वर्षदेखि थालनी गरिनेछ ।

९. भवन निर्माण प्रक्रियामा तालिम लिएका डकर्मिहरुको प्रमाण पत्र राखेर निर्माण प्रक्रिया अघाडि बढाउने नीति लिइनेछ ।

१०. सडक मापदण्ड यसै वर्षदेखि लागु गरिनेछ ।

११. विकासमा सामाजिक संस्थाहरु सँग मिलेर सहकार्य गरिनेछ ।

१२.  पानीको मुल संरक्षण गर्दै पानिका मुलका नजिक पोखरी निर्माण गरी पानी संकलन गर्दै सिचाई र खानेपानी सुविधा    मिलाइने छ ।
१३.  वायो इन्जिनियरिङ्गलाई सबै योजनामा लागु गर्न पहल गरिनेछ ।
१४. ठेक्का पट्टाबाट निर्माण गरिने निर्माण समाग्रीको खरिद प्रक्रियालई इ.विडिङ्ग प्राणालीमा लगिनेछ ।

१५. पूर्वाधार निर्माणमा  गुणस्तर कायम गरिनेछ ।

१६.  नक्सा पास प्रक्रियालाई व्यवस्थित गर्न तत्काल जनशक्ति तथा शाखा स्थापना गरिनेछ ।

१७.योजनाहरुको प्राथामिकिकरणका आधारमा आयोजना बैकं स्थापना गरिनेछ ।

१८.ठाटीकाँध गाउँपालिकाको प्रशासनिक भवन निर्माणको कार्य यसै वर्षदेखि संञ्चालन गरिनुका साथै वडा कार्यालयका प्रशासनिक भवन निर्माण समेतका प्रक्रिया संञ्चालन गरिनेछ ।

१९. गाउँपालिकाका सडकहरुको स्तरवृद्धिलाई पहिलो प्राथमिकता दिईनेछ ।

२०. विधालयहरुको भवन निर्माण तथा मर्मतगरी सुविधा सम्पन्न गराइनेछ ।

२१. पूर्वाधार निर्माणमा वालमैत्री अपाङ्ग मैत्री प्रविधिको समेत अवलम्बन गरिनेछ

## ८. उर्जा तथा लघु जलबिद्युतः-

देश विकासको मुल आधारको रुपमाा रहेको विद्युत उर्जालाई यस गाउँपालिकामा विस्तार गर्न अति आवश्यक रहेकाले विद्युत सहकारीको माध्यमबाट यस क्षेत्रको उर्जा विकास गर्न आवश्यक देखिएको छ । उर्जाको विकास विस्तार तथा उपभोगलाई सँगसँगै अघि बढाउनको लागि निम्न नीतिहरु अवलम्वन गरिएको छ ।.

- सबै वडाहरुमा ग्रामिण विधूतीकरण यसै वर्षदेखि शुरु गरी  १ वर्षभित्र केन्द्रीय प्रसारण लाईनले जोडिनेछ ।

- लघु जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पहल गर्ने नीति लिइनेछ ।
- भूतगाड खोला, रामगाड खोला जलविधुत आयोजनाको लागि विस्तृत अध्ययन गरी आयोजना संचालन गर्ने कम्पनिलाई सहज वातावरण निर्माण गरिनेछ ।
- संचालनमा भएका  वा जिर्ण भएका पेल्टिक सेटलाई मर्मत गरिनेछ । वैकल्पिक उर्जा स्रोतको पहिचान गरी उर्जा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- विद्युत लाइनको विस्तारका लागि सम्वन्धित निकायसँग समन्वय गर्न आवश्यक पहल गरिनुका साथै विद्युत लाइन विस्तारमा लगानी समेत गरिनेछ ।
- सरकारी, निजी साझेदारी क्षेत्रलाई उर्जा प्रवर्द्धनका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

## ९. संचार

भरपर्दा संचारको माध्यम नभएको यस गाउँपालिकामा संचार माध्यमलाई व्यवस्थित गराउन देहायका नीतिहरु अवलम्बन गरिनेछ ।

- यस गाउँपालिकाका नागरिकलाई सूचनामा सहज रुपमा पहुँच पुऱ्याउन एफ.एम  स्थापनाका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्र landline विस्तारका लागि नेपाल दुरसञ्चार प्राधिकरणसँग सहकार्य र समन्वन्य गरिनेछ ।
- GSM सेवा सहज संचालनका लागि यस वर्ष भित्र टावरको क्षमता वृद्धि गर्न पहल लगाइनेछ ।
- विद्यालयहरुमा वाइफाइ सेवा संचालन गरी शिक्षा क्षेत्रमा सुधार ल्याइनेछ ।
- स्थानीय स्तरमा छापा तथा अनलाइन पत्रिका संचालनका लागि पहल गरिनेछ ।
- विद्युतीय संचार प्रविधिलाई नीति अनुरुप नियमन/व्यवस्थापन गरिनेछ ।
- सूचना सम्प्रेसणको लागि डिजिटल डिस्पेले बोर्ड जडान गरिने छ ।
- Digital गाउँपालिका को अवधारण ल्याइनेछ ।

## १० आर्थिक प्रशासन, राजश्व तथा कर प्रणाली

१. आन्तरिक आय वृद्धि गर्न राजश्व प्रणालीलाई व्यवस्थित गरिनेछ।

२. करको दायरा फराकीलो बनाई करका दरहरुमा सामान्य हेरफेर गरिनेछ ।

३. आ.व. २०७७।०७८ देखि लागु गरिएको एकिकृत सम्पति कर लाई थप प्रभावकारी बनाईनेछ।

४. गाउँपालिकाका सबै प्रकारका व्यावसायीहरुलाई कर शिक्षा सम्बन्धि कार्यक्रम संञ्चालनलाई विशेष प्राथामिकत्ता दिईनेछ ।

५. सवै प्रकृतिका व्यावसायीहरुलाई गाउँपालिकामा अनिवार्य दर्ता प्रणाली आ.व. २०७७।०७८ बाट लागु गरिएकोमा यस प्रणालीलाई थप प्रभावकारी बनाउन गाउँपालिकाका सबै वडामा घुम्ति शिविर तथा प्रचार प्रसारका कार्यक्रम संञ्चालन गरिनेछ ।

६. आ.व. २०७७।०७८ वाट संचालनमा ल्याइएको गाउँपालिकाको अनलाइन राजश्व प्रणालीलाई सुदृढीकरण गरिनेछ ।

७. गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका गिट्टी, बालुवा तथा खानीहरुको पहिचान गरि वातावरणीय प्रभाव मूल्याकंनका आधारमा कराधारका क्षेत्रहरुलाई बिस्तार गरिनेछ।

८. मालपोत दस्तुर संकलनमा वृद्धि गर्न निश्चित समयभित्र मालपोत बुझाउने करदातालाई निश्चित प्रतिशत कर छुट सहित टोल टोलमा शिविर संचालन गरिनेछ ।

९. यस गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रचलित कानुन बमोजिम करको दायरामा ल्याईनेछ।

१०. लक्ष्य अनुसारको राजश्व संकलन गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

११. नदिजन्य बस्तुको निकासी कर व्यवस्थित गरिनेछ।

## ११. सुशासन र पारदर्शिता

१. गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुशासन व्यवस्थापन प्रणालीलाइ/समितिलाइ अझ बढि प्रभावकारी बनाइने छ।

२. पहिला आउनेलाई पहिला सेवा दिने नीतिलाई पुर्णतया लागु गरी मुस्कान सहितको सेवा प्रदान गरिनेछ।

३. गाउँपालिकाको मासिक आम्दानी तथा खर्च सार्वजनिक सुचना पार्टी तथा छापा संचार माध्यमबाट प्रसारण गरिने नीति लिइनेछ ।

४. सार्वजनिक परिक्षण, सामाजिक परिक्षण एवंम सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

५. सेवा प्रवाह सम्बन्धि गुनासो व्यवस्थापन गर्दै Public opinion लिने परिपाटिलाइ अझ बढी व्यवस्थित गरिनेछ ।

६. सुचनाको प्रकृति हेरी तत्काल सुचना उपलब्ध गराइने परिपाटिलाई विकास गरिनेछ ।

७.प्रत्येक योजनामा सार्वजनिक सूचना पार्टीको व्यवस्था गरिने र आयोजना संचालनमा अनुगमन समितिको क्रियाशिलता बढाइने छ ।

८. शतप्रतिशत आयोजनाहरुको सामाजिक परिक्षण गरिने नीति लिइनेछ ।

९. गाउँपालिकाको समग्र मूल्याङ्कन गर्ने पद्धतिको रुपमा बिकसित भइरहेको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनलाई आत्मसाथ गरी गाउँपालिकाको समग्र काम कारवाहिलाई प्रभावकारी बनाइने छ।

१०. विभिन्न कर तथा दस्तुरहरुलाई कम्प्युरटरबाट नै विलिङ्ग गर्ने नीति लिई कम्प्युटर अभिलेख प्रणालीलाई निरन्तरता दिईनेछ ।

११. गाउँपालिकाको सेवालाई सेवामुखि र प्रभावकारी बनाउनका लागि टोकन प्रणाली मार्फत सेवा दिने प्रक्रियालाई अवलम्वन गरिनेछ ।

१२. गाउँपालिकाको सम्पूर्ण गतिविधिहरुलाई सि.सि. क्यामरा, अडियो र डिजिटल डिसप्ले मार्फत सार्वजनिक गर्ने परिपाटिको विकास गरिनेछ ।

१३. सुचना सम्प्रेषण गर्ने प्रक्रियालाई द्रुत बनाउनका लागि Group sms प्रणालीको विकास गरी लागु गर्ने नीति लिइनेछ ।

१४. कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि कार्यक्रम ल्याईने छ ।

१५. कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा उचित पुरस्कार तथा प्रोत्सानको लागि विशेष व्यवस्था गरिनेछ ।

१६. गाउँपालिका बाहिरका कर्मचारीहरुको आवासिय व्यवस्थाको लागि गाउँपालिकाकाले आवश्यक व्यवस्था गर्नेछ ।

## १२. संगठन तथा जनशक्ति विकासः

१. आगामि आ.व. मा यस गाउँपालिकाको संगठन विकास योजना तयार गरी साविक संगठन विकास योजनाको पुन मूल्याङ्कन गरी सो वमोजिमका शाखा तथा जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२. कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन सार्वजनिक खरिद ऐन तथा करार सेवा निर्देशिकाको आधारमा गरिनेछ ।

३. उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादन आधारमा पुरस्कृत गर्ने परिपाटिको व्यवस्था गरिनेछ ।

४. न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याङ्कनलाई समेत कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

५. ऐन, नियमको परिधिभित्र रहि कार्य सम्पादन मूल्यांकनको आधारमा कार्यरत कर्मचारीको बढुवा, स्तरवृद्धि, प्रोत्साहन पुरस्कृत प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।

६. मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम वनाउन आन्तरिक एवं बाह्य सहयोगका आधारमा तालिम दिने नीतिलाई प्राथमिकता दिइनेछ ।

७. हालको संगठन र संरचनामा O&M गरी आवश्यक दरवन्दि सृजना गरिने छ

८.गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई आवाश्यकत्ता अनुसार हेरफेर गर्न सकिने निति लिईनेछ ।

९. कर्मचारीहरुको मनोबल अभिवृद्धि गर्न संघीय सरकारको निति, कार्यक्रम तथा बजेट अनुरुप पर्यटन काज,बिमा, दुर्घटना विमा, अवलोकन भ्रमण, वडा सचीवहरुको क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम,फिल्ड भत्ता तथा जोखिम भत्ता,कर्मचारी कल्याण कोष स्थापना,करार सेवामा कार्यरत कर्मचारीहरुलाई अनिवार्य कर्मचारी संञ्चय कोषमा आवद्ध गर्ने निति लगिनेछ ।

१०.आन्तरिक नियन्त्रण प्रणाली लागु गरि सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

**१३. <u>सुरक्षा नीति :</u>**

१. प्रहरी चौकी ठाटीकाँधको स्तर वृद्धि गरी इलाका प्रहरी चौकीमा रुपान्तरण गर्न सम्वद्ध निकायसंग सहकार्य गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्र सुरक्षालाई व्यवस्थित गराउन पहल गरिनेछ ।

३. संघीय सरकार (केन्द्रिय सरकार) प्रदेश सरकार गठन पश्चात तिनै तहको समन्वयमा वन्ने नीति अनुरुप गाउँ प्रहरी संगठन लाई विस्तार गर्ने नीति लिइनेछ ।

**१४.विविधः :**

१. यस गा.पा. क्षेत्रभित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण र उपभोग गर्ने नीतिलाई निरन्तरता दिदै खुलेका नयाँ तथा पुराना सडकहरुको व्यवस्थित अभिलेख तयारी गरी नक्साङ्कन गरिनेछ ।

२. धार्मिक, ऐतिहासिक, साँस्कृतिक महत्वका धरोहरहरुको मर्मत, संरक्षण र विकासमा जोड दिने नीतिलाई निरन्तरता दिइनेछ ।

३. गा.पा. क्षेत्र भित्र रहेका सम्पूर्ण सरोकारवालाहरु सँगको समन्वयमा गा.पा. का कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

४. विभिन्न राष्ट्रका गा.पा., न.पा., उ.म. न.पा., मा.न.पा, सँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

५. दातृ निकायहरुलाई ठाटीकाधँ गाउँपालिकाको विकास निर्माणमा सहभागिताको लागि अनुरोध गर्दै स्वस्थ लगानि वातावरण सृजना गरिने छ ।

६. ठाटीकाँध गाउँपालिका भित्र संचालित आयोजनाहरुलाई निरन्तरता दिन, साझेदार सँस्थाहरु सँग अनुरोध गरिनेछ ।

७. गा.पा.भित्र रहेको गाउँपालिका स्तरिय समिति तथा अन्य संगठित संस्थाहरुलाई क्रियाशिल बनाइनेछ ।

८. उचित स्थानको जग्गामा व्यवस्थित बसपार्क निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाइ अतिक्रमणमा रहेका सार्वजनिक जग्गालाई संरक्षण समेत गरिनेछ ।

९. यस क्षेत्र भित्र काम गर्न चाहने विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई सकभर काममा दोहोरोपन नआउने गरी स्वीकृत दिइनेछ ।

१०. जेष्ठ नागरिकलाई मध्यनजर गरी व्यवस्थित दिवा सेवा संचालन गरिनेछ ।

११. गै.स.स. हरुलाई जनहितमा कार्यक्रमहरु संचालन गर्न अनुमति दिई सहकार्य समेत गरिनेछ ।

१२. सभा सकिएपछि पनि अनुमति लिन आउने सामाजिक संस्थाहरुलाई गा.पा.प्रमुख बाट औचित्य हेरी अनुमति दिन सक्ने गरी व्यवस्था मिलाइनेछ ।

१३. नदी किनारा, बाढी पहिरोको जोखिममा रहेका वस्तीहरु स्थानान्तरण गर्ने नीति लिइनेछ ।

१४. गाउँपालिकाको कामलाई व्यवस्थित गर्न आवश्यक परामर्श सेवा खरिद गर्ने नीति लिइनेछ ।

१५. छिटो प्रतिफल दिने खालका आयोजना तथा आर्थिक विकासको क्षेत्रमा सहयोग गर्ने खालका आयोजनाको विकासमा वढवा दिइनेछ ।

१६. गाउँपालिका द्धारा निर्माण गरिने खानेपानी तथा सिचाई योजनामा अनिवार्य मर्मत सम्भार कोषको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१७. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत संचालन गरिने क्रियाकलापहरु संचालन गर्दा कृषि जन्य उत्पादन तथा दिगो आयमुलक क्षेत्रमा विशेष लगानी गर्ने नीति अवलम्वन गरिनेछ ।

१८. विपद् व्यवस्थापन तथा आपतकालिन उद्धारका लागि एक वडा एक सुविधा सम्पन्न सामुदायिक भवन र एक वडा एक खुल्ला मैदान निर्माण गर्ने नीति अवलम्वन गरिने छ । सोको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा विभिन्न साझेदार निकाय संगको समन्वयको माध्यमबाट यसै आर्थिक बर्षबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१९. गाउँपालिका लगायत सवै शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरुमा विभिन्न साझेदार निकायको साझेदारीमा विपद् प्रतिकार्य योजना निर्माण गरिनेछ ।

२०. सार्वजनिक यातायातलाई व्यवस्थित गर्न यातायातका साधनहरुलाई सार्वजनिक यातायात प्रक्रियामा आवद्ध गराई निश्चित भाडा दर कायम गरि संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागद्धारा संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई व्यवस्थित गरिनेछ ।

२२. संघीय सरकार, प्रदेश सरकार लगायत विभिन्न निकायबाट हस्तान्तरित आयोजना तथा कार्यक्रम संचालन तथा व्यवस्थापन गरिनेछ ।

२३. टोल बिकास समिति मार्फत विकास निर्माणका कार्यहरु संञ्चालन गरिनेछ ।

**२४.** ठाटीकाँध गाउँपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कामकाजमा काजमा कार्यरत रहनुभएका कर्मचारीहरुलाई यस कार्यालयलाई पदस्थापन गर्न पत्राचार गर्ने निति लिईनेछ ।

२५. ठाटीकाँध गाउँपालिकाको आफनै लोगो निर्माण गरि कार्यान्वयन गरिनेछ ।
२६. ठाटीकाँध गाउँपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन प्रत्येक वडामा १/१ जना सामाजिक परिचालन नियुक्ति गर्न आवाश्यक कार्यविधि बनाई लागु गर्ने निति लिईनेछ ।

**अन्तमा,** प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नुहुने गाउँपालिकाका उपाध्यक्ष, गाउँ कार्यपालिकाका सदस्य तथा गाउँ सभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, विज्ञ समूह, ठाटीकाँध गाउँपालिकाका कर्मचारीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण ठाटीकाँधवासीहरु प्रति अन्तरहृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।

**रक्ष बहादुर शाह**
**अध्यक्ष**
**ठाटीकाँध गाउँपालिका**